# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

कुनै पनि आवाज सुन्न नसक्ने बालबालिकालाई बहिरा बालबालिका भनिन्छ । समाजमा रहेका सामान्य बालबालिकामा जस्तो उनीहरुमा श्रव्यशक्ति हुदैन अर्थात बहिरा बालबालिकाहरु सुन्न र राम्रो सँग बोल्न सक्दैनन् । बहिरा बालबालिकामा सुन्न सक्ने क्षमता नभए पनि उनीहरुका बाँकी इन्द्रिय र अङ्गहरु (हात, खुट्टा, मस्तिष्क, नाक, मुख) ले स्वभाविक रुपमा काम गरिरहेका हुन्छन । जस्तैः बहिरा बालबालिकाहरु दृष्य अवलोकन गर्न सक्छन त्यसैगरि उनीहरुको हात खुट्टा र अनुहारको हाउभाउ स्वभाविक हुन्छन । जसले बहिरा बालबालिकाहरुलाई नयाँ कुरा सिक्न, काम गर्न र सक्षम बन्नलाई सहयोग गरिरहेका हुन्छ । समाजमा विद्यमान बहिरा बालबालिकाको प्रकृति हेर्दा कोहि जन्मँदै बहिरा हुन्छन भने कोहि ठूलो भएपछि बहिरा हुन्छन ।

अपाङ्गताको परिभाषा तथा अपाङ्गपनको निर्धारण, २०६३ का अनुसार शारीरिक अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्या एवं कठिनाइका प्रकृति अनुसार अपाङ्गतालाई सात प्रकारमा वर्गीकरण गरिएको छ । शारीरिक अपाङ्गता, दृष्टि सम्बन्धी आपाङ्गता, सुनाई सम्बन्धी अपाङ्गता, श्रवण दृष्टिविहिन, स्वर बोलाई सम्बन्धी अपाङ्गता, मानसिक अपाङ्गता र बहु अपाङ्गता गरी सात प्रकारमा वर्गीकरण गरिएको छ ।

सुनाई सम्बन्धी अपाङ्गताः सुनाईका अङ्गहरुको बनावट एवं स्वरको पहिचान, स्थान, उतार चढाव तथा स्वरको मात्रा र गुण छुट्याउने कार्यमा व्यक्तिमा भएको समस्या सुनाई सम्बन्धी अपाङ्गता हो । यो निम्न दुई प्रकारको हुन्छ :

क) बहिरा (Deaf) : नसुन्ने, अस्पष्ट बोल्ने वा बोल्न नसक्ने र सञ्चारका लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति बहिरा हो । ८० डेसिबल (80db) भन्दा माथिको ध्वनि पनि सुन्न नसक्ने व्यक्तिलाई बहिरा मानिनेछ ।

ख) सुस्त श्रवण (Hard of Hearing) : कान कम मात्र सुन्ने तर कम सुनेर सफासंग बोल्न सक्ने, थोरै मात्र बोल्न सक्ने, सुन्नलाई कानमा श्रवण यन्त्र राख्नुपर्ने व्यक्ति सुस्त श्रवण हो । ६५ डेसिबल (65db) देखि ८० डेसिबल(80db) सम्मको ध्वनि सुन्न सक्ने व यक्तिलाई सुस्त श्रवण मानिनेछ (राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, २०६३) ।

समाजशास्त्रीय दृष्टिकोण अनुसार समाज भनेको समाजिक सम्बन्धहरुको जालो हो । जसमा दुई वा दुई भन्दा बढी परिवारको बसोवास रहेको हुन्छ । समाजमा विभिन्न किसिमका मानिसहरु रहेका हुन्छन (विष्ट, २०५५) । समयको परिवर्तनसंगै समाजको ढाँचा, त्यसभित्रका वस्तुहरु, व्यक्ति, विचार-सबै बदलिइ रहन्छन् । मार्क्सका अनुसार समाज परिवर्तनशिल छ । मोर्गानले भौतिक वस्तुमा आएको परिवर्तनले समाजलाई परिवर्तन गर्छ भनेका छन् । ढुङ्गेयुग देखि आजको यो वैज्ञानिक यूगसम्म आइपुग्दा समाजमा धेरै परिवर्तनहरु आएको छ । मानिस सामाजिक र सर्वश्रेष्ठ प्राणी हो मानिसको क्रमिक विकासमा समाजको बढि हात रहेको हुन्छ । समान्य मानिस जस्तै बहिरा बालबालिका पनि समाजको अङ्गको रुपमा रहेका हुन्छन । तथापि बहिरा बालबालिकालाई हेर्ने समाजको दृष्टिकोण फरक रहेको पाईन्छ ।

"मान्छेको हरेक गतिमा समाजको छाप हुन्छ । बालक कालमा नै समाजका विविध निषेधहरुलाई हामीहरुले आमाको दूधसित पिउँछौं । यसकारण हामी ती मध्ये धेरैजसोलाई बन्धन होइन, गहनाको रुपमा ग्रहण गर्दछौ तर त्यो हाम्रो (क्रमिक) शारीरिक, बचन (बाचिक) सम्बन्धी काममा पाइला-पाइलामा आफ्नै व्यवस्था गरिदिन्छौ । यो त्यो बेला बुझिन्छ, जब हामीहरुले कसैले त्यसको उल्लंघन गरेको देख्दा त्यसलाई असभ्य( असामाजिक) भन्न पुग्दछौं । त्यस्तै हरेक व्यक्तिको विकास त्यसको सामाजिक वातारणमा हुन्छ । मान्छेको शिक्षादिक्षा आफ्नो परिवार, हाटबजार, पाठशाला, खेल-मैदान र कामको क्षेत्रमा तथा समाजद्वारा विकसित भाषालाई लिएर हुन्छ । तर यसको अर्थ के होइन भने समाज एउटा अछुतो परिवर्तनशिल फलामे किल्ला हो, यसले व्यक्तिलाई आफ्नो विशेष ढाँचामा ढाल्दछ र स्वयं एकरस बनिरहन्छ । समाज पनि लगातार बदलिरहेको हुन्छ । यो परिवर्तन क्रमशः विकासको रुपमा पनि हुन्छ र कहींकहीं क्रान्तीको रुपमा पनि-कहीं परिवर्तनलाई हामीहरुले तरङ्ग प्रवाहको रुपमा देख्दछौ भने कही छलाङ्ग मारेर हुने फड्कोको रुपमा । समाजको ढाँचा, त्यसभित्रका वस्तुहरु-वस्तु, व्यक्ति, विचार-सबै बदलिई रहन्छन"
(सांकृत्यायन, पृष्ठ संख्या ८-९, २०५७) ।

समाजमा बस्ने मानिसहरु आफ्नो सामाजिक हैसियत, जिम्मेवारी, सम्पर्क तथा आफ्नो पारिवारिक सम्बन्ध विस्तार गरी जीवनयापन गरिरहेका हुन्छन । समाजमा विभिन्न तह, तप्का, वर्ग, लिङ्ग आदिका मानिसहरु रहेका हुन्छन । ती मध्ये बहिरा बालबालिका पनि एक हो । अर्थात बहिरा बालबालिकालाई पनि समाजले आफ्नो एक अंग स्वीकार गरेको छ ।

यति हुँदाहुँदै पनि समाजमा बहिरा बालबालिकालाई हेर्ने दृष्टिकोण समाज अनुसार फरक फरक हुन्छ । कारण जे होस् सामान्यतया समाजमा बहिरा बालबालिकालाई केहि गर्न नसक्ने अक्षम नागरिकको रुपमा लिइन्छ । तर समयको वेगसँग नेपाली समाजमा पनि धेरै उथलपुथल भएका छन् र पहिले भन्दा धेरै सकारात्मक परिवर्तन पनि भएका छन । समाजको परिवर्तन संगै बहिरा बालबालिकालाई हेर्ने दृष्टिकोणमा पनि सकारात्मक परिवर्तन हुदै आएको छ । यसको कारणहरु धेरै भए पनि बालबालिकालाई दिइने शिक्षादिक्षा मुख्य रहेको हुन्छ । शिक्षा मानव जीवनको अपरिहार्य आवश्यकता हो । शिक्षाले मानिसलाई अन्धकारबाट उज्यालो तर्फ उन्मुख गराई मानिसका दैनिक जीवनका हरेक अप्ठ्यारा, समस्या तथा चुनौतीहरुसंग सामना गर्दै अघि बढ्न पथप्रदर्शकको काम गर्दछ । हरेक देशका आ-आफ्नै नीजि र मौलिक विशेषता हुन्छन । आफ्नो देशको आवश्यकता अनुसार शिक्षा प्रणालीलाई अंगिकार गरिएको हुन्छ । विद्यमान समस्याहरुलाई समाधान गरि अघि बढ्न सक्ने नागरिक उत्पादन गर्ने हैसियतले शिक्षा प्रणाली लागू गरिएको हुन्छ । शिक्षा दिनुको मुख्य उद्देश्य भनेको नै हरेक प्रकारका व्यक्तिले आफ्नो व्यवहार परिवर्तन गर्न सकोस र आफ्नो दैनिक जीवनका समस्याहरु आफैं समाधान गरी खुसीका साथ जीवन बिताउन सकोस् भनेर नै हो । शिक्षाले हरेक प्रकारका व्यक्तिको व्यक्तिगत उद्देश्य पूरा गरेर मात्र जिम्मेवारी पूरा हुँदैन । शिक्षाले बालकको सर्वाङ्गिण विकास गराउनु पर्दछ । यस अर्थमा बहिरा बालबालिका र समाज बिचमा रहने हरेक अध्यायहरुमा शिक्षाको भूमिकालाई महत्वपुर्ण अङ्गको रुपमा लिन सकिन्छ ।

"नेपालको सन्दर्भमा अपाङ्गताको परिभाषा गर्दा शरीरका अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याको भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा सञ्चालन गर्न एवम् सामाजिक जीवनमा सहभागी हुने कठिनाई अवस्था अपाङ्गता हो" (अपाङ्गपन निर्धारण परिभाषा, २०५६) ।

"शारिरका अङ्गहरु र शारीरिक प्रर्णालीमा भएको समस्याको कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक कृयाकलाप समान्य रुपमा सञ्चालन गर्न एवं सामाजीक जीवनमा पूर्ण सहभागी हुन कठिनाई हुने अवस्थालाई अपाङ्गता भनिन्छ" (अपाङ्गताको परिभाषा तथा अपाङ्गपनको निर्धारण, २०६३) ।

यस अध्ययनमा बहिरा बालबालिकाहरुको पारिवारको सामाजिक र आर्थिक अवस्था कस्तो छ ? पारिवारको सामाजिक र आर्थिक अवस्थाले उनीहरुको शिक्षा मा कस्तो प्रभाव पारेको छ ? परिवारका सदस्यले उनीहरु प्रति गर्ने व्यवहार कस्तो रहेको छ ? त्यसको बारेमा अध्ययन गरिएको थियो ।

## १.२ अध्ययनसंग सम्बन्धित समस्याहरु

विभिन्न समाजमा बहिरा भएका व्यक्तिहरुप्रति फरक फरक दृष्टिकोण पाइन्छ । हाम्रो समाजमा अज्ञानताको बढी प्रभावले गर्दा यस सिथितिलाई प्रायः समाधान हुन नसक्ने समस्या भनी एक श्रापको रुपमा लिइन्छ । यस्ता व्यक्तिहरुलाई समाजको बोझको रुपमा लिइन्छ । यिनिहरुलाई पुरा रुपमा सुधार्न नसकिएता पनि विशेष शिक्षा, तालिम र उपचारद्वारा समाजका साधारण व्यक्तिहरुझैं बनाउन सकिन्छ । यिनिहरु पनि देशका योग्य नागरीक बन्न सक्छन । नेपाल एक विकासोन्मूख देश हो यहाँ कर्ममा भन्दा बढी भाग्यमा विश्वास गरिन्छ । रुढिवादीले जगडीएको हाम्रो समाजमा अपाङ्गतालाई पूर्व जन्मको पापको परिणमसँग जोडेर हेर्ने गरेको पाइन्छ । बहिरा बालबालिकाको हैसियत नेपाली समाजमा निम्न हुने र उनीहरुको परिवारलाई समेत हेयको दृष्टिले हेरेको पाइन्छ । (घिमिरे, २०६० )

बहिरा बालबालिकाहरुलाई राम्रो बानिको विकास गराउन, प्रयोगात्मक काममा सीपको विकास गराउन, व्यवसायिक कामहरुमा लगाउन शिक्षण सिकाइको आवश्यकता हुन्छ त्यसै गरी उनीहरु समाजमा स्वतन्त्र रुपबाट उभिन, स्वावलम्वी बन्न, शारीरिक, मानसिक र बौद्धिक रुपमा सक्षम बन्न, आर्थिक सशक्तिकरणको बाटोमा आफूलाई लगाउन र समाजमा खुसीसँग जीवन निर्भाह गर्न शिक्षाले सुधारात्मक उपायको कार्य गरेको हुन्छ (शर्मा एण्ड शर्मा, २०६५) ।

नेपालमा हाल सम्म बहिरा बालबालिका सम्बन्धि अनुसन्धानहरु भएता पनि व्यवस्थित तथा समाजशास्त्रिय अध्ययनबाट भने खासै भएको पाइदैन, उनीहरु पनि समाजमा अन्य बालबालिका सरह हुन् अवसर पाएमा समाजमा ठूलो योगदान दिन सक्छन भन्ने कुरालाई पुष्टि गर्न आवश्यक छ । बहिरा भएका बालबालिकाहरुको सामाजिक आर्थिक पृष्ठभूमि र उनीहरुप्रतिको समाजको दृष्टिकोण पनि सकारात्मक हुनु आवश्यक छ ।

उक्त कुरालाई ध्यानमा राखी यस अध्ययनबाट निम्न लिखित प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१) अध्ययन क्षेत्रका बहिरा बालबालिकाहरुको पारिवारको सामाजिक र आर्थिक अवस्था कस्तो रहेको छ ?

२) अध्ययनमा समेटिएको बहिरा बालबालिकाको दैनिकी कसरी सञ्चालन भएको छ ?

३) सामाजले बहिरा बालबालिकालाई हेर्ने दृष्टिकोण कस्तो छ ? परिवारका सदस्यले उनीहरु प्रति गर्ने व्यवहार कस्तो छ ?

४) पारिवारीक पृष्ठभूमिले गर्दा बहिरा बालबालिकाको शिक्षामा प्रभाव कस्तो रहको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य भनेको बहिरा बालबालिकाहरुको पारिवारको आर्थिक तथा सामाजिक अवस्था तथा ती अवस्थाहरुले उनीहरुका अभिभावकहरुको बहिरा वालवालिकाहरु प्रति भएको विचारहरुमा भएको परिवर्तनको बारेमा व्याख्या गर्ने प्रयास गरिएको छ । अध्ययनको विशिष्ट उद्देश्य निम्न प्रकार छन:

- बहिरा विद्यालयमा अध्ययनरत विद्यार्थीको पारिवारको सामाजिक तथा आर्थिक अवस्थाको व्याख्या गर्ने र

- बहिरा बालबालिकाहरुको पारिवारिक अवस्थाले उनीहरुको अभिभावकहरुको वहिरा वालवालिकाहरुप्रतिको सोच तथा विचारमा पार्ने प्रभावको व्याख्या गर्नु ।

## १.४ अध्ययनको महत्व

यो अनुसन्धानमा धवलागिरी बहिरा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पारिवारिक अवस्थाको अध्ययन र पारिवारीक अवस्थाको कारण बहिरा बालबालिकाको अभिभावक र समाजको बहिरा बालबालिकालाई हेर्ने दृष्टिकोणमा आएको परिवर्तनको व्याख्या गर्न' प्रकार्यात्मक सैद्धान्तिक दृष्टिकोण बाट हेर्ने प्रयास गरिएको छ । बालबालिकाको पारिवारिक अवस्था, बहिरा बाललालिका प्रति गरिने व्यावहार, विद्यालयिय शिक्षा अगाडीको व्यावहार, विद्यालयीय शिक्षाले गर्दा बहिरा बालबालिकाको आनिबानीमा, जीवन शैलीमा कसरी परिवर्तन आयो र समग्रमा बहिरा बालबालिकालाई समाजले हेर्ने दृष्टिकोणमा कसरी परिवर्तन आयो भन्ने कुरालाई अध्ययन अध्ययन गरिएको छ । बहिरा बालबालिका त्यसै यो अनुसन्धान सैद्धान्तिक र अनुसन्धान पद्धति दुवै दृष्टिकोणबाट आफै महत्वपूण छ । त्यसैले

भोलि अध्ययन गर्न खोज्नेका लागि यो एउटा महत्वपूर्ण श्रोत हुन सक्छ । त्यसैगरी यसै क्षेत्रमा क्रियाशिल संघ सस्थाहरुको लागि पनि यो एउटा महत्वपूर्ण स्रोत हुन सक्छ ।

## १.५ सैद्धान्तिक अवधारणा

समाजशास्त्र तथा मानवशास्त्रमा देखा परेका विभिन्न दृष्टिकोणहरु मध्ये संरचनात्मक प्रकार्यवाद पनि एक हो । यस दृष्टिकोणले १९३०-४० को दशकमा निकै चर्चा पाएको थियो । यसले सामाजिक तथा सांस्कृतिक प्रणालीका विभिन्न इकाइहरु र इकाइहरुबाट तयार भएको संरचनालाई जोड दिन्छ । यस दृष्टिकोण अनुसार सांस्कृतिक तथा सामाजिक विकास विभिन्न इकाइहरुको प्रक्रियाबाट हुने गर्दछ । इकाइहरुको सामाजिक तथा सांस्कृतिक प्रणालीलाई निरन्तरता दिने कार्य गर्दछन् । यस सिद्धान्तको व्याख्या गर्ने विद्वानहरुमा इमाइल, दुर्खिम, मेलिनोस्की, रेडक्लिफ ब्राउन, आदि छन् ।

यस अध्ययनमा बहिरा बालबालिकाको परिवारक अवस्था कस्तो छ, परिवारीक संरचना कसरी निर्माण गरिएको छ त्यसलाई देखाउने प्रयास गरिएको छ । त्यसै गरी परिवारले बहिरा बालबालिकालाई हेर्ने सोंच कस्तो छ अर्थात बहिरा बालबालिकाप्रतिको दृष्टिकोण कस्तो छ यस विषयमा परिवारको पारिवारीक अवस्थालाई केन्द्र विन्दु बनाएर अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.६ संगठनात्मक संरचना

यस शोधपत्रलाई ७ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययन परिचय जस्तैः अध्ययनको पृष्ठभूमि, समस्याको कथन, उदेश्य, अध्ययनको महत्व तथा सैद्धान्तिक अवधारणा समेटिएको छ । त्यसैगरी अध्याय दुईमा साहित्य समिक्षा, शारीरिक अपाङ्गता एवं बहिरा सम्बन्धी परिभाषा, विश्व र नेपालको सन्दर्भमा अपाङ्ग एंव बहिराहरुको विवरण, बहिराहरुको लागि भएको गतिविधिहरु समेटिएको छ । अध्याय तीनमा अनुसन्धान विधि रहेको छ । जसमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धानको ढाँचा, समग्रता र नमुना छनौट, विधि र तथ्याङ्क संकलनका विधिहरु, तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण र अध्ययनका सीमा समावेश गरिएको छ । अध्याय चारमा अध्ययनको क्षेत्रको सामान्य परिचय, अध्ययन क्षेत्रको सामाजिक संरचना, बहिरा बालबालिकाको अवस्था समावेश गरिएको छ । अध्याय ५ पारिवारीक र आर्थिक अवस्था जस अन्तर्गत, अध्ययन गरिएको

घरधुरीको अवस्था (पशुपालन, जग्गाका वितरण, पारिवारीक संरचना, आर्थिक पक्ष, खाद्यान्नको पर्याप्तता) र अध्ययन गरिएको जनसंख्याको विषेशता (जातजातिको आधारमा, पेशा, धर्मको आधारमा) देखाइएको छ । अध्याय ६ मा आर्थिक अवस्था र विचारको विविधता त्यस अन्तर्गत पशुपालनको अवस्थाले विचारमा पारेको प्रभाव, जग्गाको वितरणले विचारमा पारेको प्रभाव, खाद्यान्नको पर्याप्तताले विचारमा पारेको प्रभाव र सामाजिक अवस्था र विचारको विविधता अन्तर्गत अभिभाबकको चेतनाले विचारमा पारेको प्रभाव, जातिय अवस्थाले उनीहरुको विचारमा पारेको प्रभाव, शिक्षाको कारण बहिरा बालबालिकाहरुको अभिभावक र समाज विचारमा आएको परिवर्तनलाई देखाइएको छ । र अध्याय ७ मा निष्कर्ष रहेको छ ।

# अध्याय दुई

# साहित्य समिक्षा

## २.१ प्रकार्यवाद एक सैद्धान्तिक विश्लेषण

समाज र संस्कृतिको अध्ययन गर्दा विभिन्न उपागमन मध्ये संरचनागत प्रकार्यात्मक दृष्ट्रिकोण पनि एक महत्वपूर्ण दृष्ट्रिकोण हो । जुन १९औं शताव्दीको अन्त्य र २०औं शताव्दीको शुरुवात बाटै  संरचनागत प्रकार्यात्मक दृष्ट्रिकोण अस्तित्वमा आएको थियो । यसले सामाजिक तथा सांस्कृतिक प्रणालीका विभिन्न इकाइहरु र इकाइहरुबाट तयार भएको संरचनालाई जोड दिन्छ । यस दृष्टिकोण अनुसार सांस्कृतिक तथा सामाजिक विकास विभिन्न इकाइहरुको प्रकार्यबाट हुने गर्दछ । यस्ता इकाइहरुसंग मानिसहरुको प्रत्यक्ष सम्वन्ध हुने गर्दछ । इकाइहरुले सामाजिक तथा सांस्कृतिक प्रणालीलाई निरन्तरता दिने क्रमा प्रकार्य गर्दछन् । यहि प्रकार्यबाट समाज तथा मानिसले आफ्ना आवश्यकता पूरा गर्दछन् भन्ने कुरालाई यस दृष्टिकोणले अगाडी सार्दछ (रिट्जर २००० , फ्रान्सीस १९८२) । सामाजिक तथा सांस्कृतिक इकाइहरुले प्रणाली (संस्कृति र समाज) को अस्तित्व निरन्तरताका लागि प्रकार्य गर्दछन् । यस्ता इकाई र इकाइबाट तयार भएका संरचना दुवैको एक अर्काविना अस्तित्व रहन्न भन्ने कुरालाई पनि यस दृष्टिकोणले प्रकाश पार्दछ । यस सिद्धान्तको व्याख्या गर्ने मुख्य प्रवर्तकहरुमा दुर्खिम, रेडक्लिफ ब्राउन, मेलिनोस्की, रोर्वट के. मर्टन, डाल्टन पार्सन आदि रहेका छन् ।

दुर्खिम (१९८८) का अनुसार सामाजिक व्यवस्था पुरा गर्न विभिन्न अङ्गहरुका वा इकाइहरुका बीचमा प्रकार्य हुनु पर्दछ । समाजलाई प्रकायांत्मक ढङ्गबाट एकतामा राख्न धर्म तथा श्रम विभाजनले महत्वपूर्ण भूमीका खेलेको हुन्छ । वास्तवमा धर्म सामाजिक एकता कायम गर्न महत्वपूर्ण माध्यम हो । यसले मानिसको भावनालाई एकित्रित गर्ने कुरालाई दुर्खिम जोड दिन्छन् । दुर्खिमका अनुसार आवश्यकताको प्रयोग सामाजिक सन्दर्भमा गर्नुपर्दछ । उनका अनुसार प्रकार्यले इकाइहरुको संरचनामाथि रेहेको प्रभावलाई प्रतिनिधित्व गर्छ कि संरचनाको इकाइमाथि । दुर्खिमले प्रकार्यलाई वस्तुनिष्ठ ढङ्गबाट व्याख्या गरेका छन् । उद्देश्य प्रकार्यको परिणाम हो भन्दै पाचनक्रियालाई एउटा प्रकार्य र यसबाट शरीरलाई शक्ति लिनुलाई उद्देश्यका रुपमा लिएका छन् । पाचन गर्न प्रकार्य भएकोले मात्र शक्ति प्रदान भएको कुरालाई उनी जोड दिन्छन् । यहिं जैविक नियम सामाजिक प्रणालीमा लागू हुने कुरा

उनी अगाडी थप्छन् ।

रेडक्लिफ ब्राउन (१९५२) का अनुसार एउटा प्रणालीको संरचनामा विभिन्न आन्तरिक तथा वाह्य इकाई एवं पक्ष हुन्छन् । यी एकाइका विचमा पारस्परिकता कायम भई यी सबै समाजको संरचना तयार गर्न एकीकृत दिशामा लम्कन्छन् । यदि इकाइहरुका बीचमा सम्बन्ध नरहने हो भने सिंगो संरचना जीवन्त रहन सक्दैन । त्यसैले विभिन्न इकाइहरुको संरचना बिना प्रकार्य नहुने र प्रकार्य बिना संरचना नहुने कुरालाई स्पष्ट पारेका छन् । संरचना र इकाइबिचमा सह अस्तित्व कायम रहन्छ । एक एकाइको परिवर्तनले सिंगो संरचनालाई असर गर्दछ भन्ने कुरा ब्राउनको संरचनात्मक प्रकार्यवादबाट स्पष्ट हुन्छ । उनले अन्डामेन आइसल्याण्डको अध्ययन गरी परम्परा, रीतिरिवाज, जन्म, चलन, संस्था एक अर्का बीचमा रहने अन्तर सम्बन्धलाई प्रष्ट्याएका छन् । विभिन्न इकाइहरुको प्रकार्य बिना संरचना हुन नसक्ने र संरचना बिना पनि इकाइहरुको अस्तित्व नरहने कुरालाई उनले अगाडी सारेका छन् ।

प्रकार्यवादी समाजशास्त्री/मानवशास्त्री मध्ये (मेलिनोस्की, सन १९६१) का अनुसार समाजमा जे जति मुल्य मान्यता, संस्थाहरु जन्मिएका छन । ती सबै एक अर्कामा अन्तसम्बन्धित भइ प्रकार्यात्मक रुपमा व्यक्तिको जैविक तथा मनोवैज्ञानिक आवश्यकता पुरा गर्दछ । साथै समाज र संस्कृतिमा परिवर्तन आउनाको कारण सामाजिक आवश्यकता पुरा गर्न नभई व्याक्तिगत आवश्यकता पुरा गर्नाका लागि संस्कृतिको जन्म हुन्छ । त्यस्तै विवाहले पनि व्यक्तिका जैविक तथा मनोवैज्ञानिक आवश्यकता पुरा गर्दछ भनेका छन ।

रोवट के मटनका अनुसार समाजमा सधै सुकार्य मात्र हुदैन । अर्थात विभिन्न प्रकृतिका प्रकार्य समाजमा रहन्छन र रहेका छन र तिनको प्रकार्यात्मक स्वरुप पनि समाज र संस्कृति अनुसार फरक-फरक हुन्छन भन्ने धारण आर. के. मर्टनको छ । जस्तै प्रकट कार्य, लुप्त कार्य र अप्रकार्य आदि (अब्राहम १९८२) ।

यसरी बहिरा विद्यालयलाई समग्रता मान्नेहो भने बहिरा विद्यार्थी समग्रताको एउटा महत्वपूर्ण एकाई हो । बहिरा विद्यार्थीलाई समग्रता मान्ने हो भने त्यस विद्यालयका शिक्षकहरु तथा अभिभावक र समुदायका मानिसहरुसँगको सम्बन्धलाई केलाउनु पर्दछ । यसले यस अनुसन्धानमा बहिरा बालबालिका र त्यसको अन्य पक्षहरुसँगको सम्बन्धलाई केलाउने प्रयास गरिएको छ ।

## २.२ शारीरिक अपाङ्गता एवं बहिरा सम्बन्धी परिभाषा

"मानवीय विकास भन्नाले व्यक्तिको शारीरिक, मानसिक, आर्थिक, सामाजिक, बौद्धिक आदि सम्पूर्ण पक्षको औसत विकास भन्ने बुझिन्छ । यदि मानिसको कुनै पक्षको विकास साधारण भन्दा कमजोर अवस्थाबाट हुन्छ भने त्यसले विकासको बाटो समाउन नसकेको वा विकासको बाटोमा विचलन भएको वा विकासात्मक विचलन भनिन्छ । सामान्यतः भन्नुपर्दा शारीरिक वा मानसिक वा दुवै रुपबाट साधारण बालबालिका भन्दा भिन्नै प्रकृतिका बालबालिकाहरुलाई विकासात्मक विचलन अवस्थाका बालबालिका भनिन्छ । शारीरिक रुपबाट अक्षम हुने भनेको वंशानुगत वा वातावरणीय कुनै पनि कारण हुन सक्छ । यसभित्र अपाङ्ग, अन्धा, बहिरा वा यस्तै प्रकारका बालबालिका पर्दछन" (शर्मा, २०६६) ।

"अपाङ्ग" भन्नाले सामान्य दिनचर्या गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिकलाई सम्झनुपर्दछ । सो शव्दले कानो, अन्धो, बहिरो, लाटो, लठेब्रो, लुलो, लङ्गडो, खोरण्डो, डुंडो वा सुस्त मनःस्थिति भएको व्यक्तिलाई समेत जनाउँछ । साथै ऐनको दफा ३ को उपदफा २ बमोजिम अपाङ्ग निर्धारण सम्बन्धमा दृहाय बमोजिमको मापदण्ड तोकेको छ । "शारीरिक अपाङ्गता" दृष्टिविहिन, सुस्तमनस्थिति, बहिरा, मानसिक रोगी, अपाङ्गपन (नेपाल सरकार, २०३९) ।

कुनैपनि व्यक्तिमा हुने शारीरिक, मानसिक तथा संवेदनात्मक विकृति जसले आफ्नो दैनिक कार्य सम्पादनमा बाधा पुऱ्याएको हुन्छ यसलाई नै अपाङ्ग भनिन्छ (विशेष शिक्षा निति, २०५३)

शारीरिक वृद्धिको अनुपातमा मानसिक विकास नहुने विशेष परिस्थिति सुस्तमनस्थिति हो भने सानै उमेर देखी आँखा नदेख्ने, बहिरोपना, हात बाङ्गो हुने, खुट्टा छोटो लामो हुने, खुट्टा खोच्याउने, बोली लठेब्रो हुने जस्ता समग्र पक्षहरुको अवस्था नै अपाङ्गपन हो (सुस्त मनस्थिति अभिभावक संघ २०६०) ।

अपाङ्ग व्यक्तिहरुका लागि अन्य सामान्य व्यक्ति सरह अधिकारको सुनिश्चित गदै औषधि, उपचार, तालिम, पुर्नस्थापना, सरसल्लाह, आर्थिक सुरक्षा, क्षमता अनुसार लाभदायक पेशा गर्न, परिवारसँग बस्न, योग्य अभिभावक छान्न, दुर्व्यवहार र शोषणबाट बच्न आवश्यक कानुनी संरक्षण लिन पाउने अधिकारहरु सुनिश्चित गरिएको छ । अपाङ्गहरुको साथमा रहेमा त्यस्था अभिभावकहरुले सहयोग गर्नुपर्ने समेतलाई अधिकार कै रुपमा प्रत्याभूत गरेको छ (UN, १९७१)

## २.३ विश्व र नेपालको सन्दर्भमा अपाङ्ग एंव बहिराहरुको विवरण

विश्वमा करिब ७० करोड व्यक्तिहरु कुनै न कुनै (शारीरिक र मानसिनक) रुपले अपाङ्ग बन्न पुगेका छन भने त्यसको दर अल्पविकसित र विकासोन्मुख मुलुकहरुमा करिब तेब्बर रहेको छ । अपाङ्गताको दर सबैभन्दा बढी एसिया प्रशान्त क्षेत्रमा छ जहाँका करिब ४० करोड देखि ४५ करोड व्यक्तिहरु अपाङ्ग रहेका छन (यूनिसेफ) । ती राष्ट्रहरुमा गरिबी व्याप्त छ । यस्ता मुलुकहरुमा ८० प्रतिशत भन्दा बढी अपाङ्गता भएका व्यक्तिहरु तिनका परिवार र प्रत्यक्ष सरोकारवालाहरुको कुरा गर्दा यस्ता क्षेत्रहरुमा बहुसंख्यक व्यक्तिहरु कुनै न कुनै रुपबाट अपाङ्गतासँग जोडिएका छन । सन् २००६ मा विश्व स्वास्थ संगठनले गरेको सर्वेक्षणमा विकासोन्मुख मुलुकहरुमा १० प्रतिशत अपाङ्गहरु रहेको तथ्य सार्वजनिक गरिएको छ भने नेपालमा पनि जम्मा जनसंख्याको १० प्रतिशत नै अपाङ्गरहेको दाबी अपाङ्ग महासंघ नेपालले गरेको छ तापनिी सन १९८० मा अन्तराष्ट्रिय अपाङ्ग वर्ष समितिको सर्वेक्षणले नेपालमा अपाङ्गता भएको जनसंख्या ३ प्रतिशत रहेको तथ्याङ्क सार्वजनिक गरेको थियो । त्यसैगरी सन १९८३ को नमुना सर्वेक्षणका आधारमा नेपालका करिव ३ प्रतिशत नै अपाङ्गता भएका व्यक्तिहरु रहेको अनुमान गरिएको थियो । त्यस्तैगरी सन् २००१ मा राष्ट्रिय योजना आयोगको अध्ययनले नेपालमा १.६३ प्रतिशत मात्र अपाङ्ग भएका मानिसहरुको तथ्याङ्क सार्वजनिक गरेको थियो । तर सन् २००२ को राष्ट्रिय जनगणनामा जम्मा ०.४५ प्रतिशत मात्र अपाङ्ग रहेको तथ्य केन्द्रिय तथ्याङ्क विभागले दिएको थियो । यस्तैगरी सन् २००४ को वल्डभिजन इन्टरनेशनलको अपाङ्गता सर्वेक्षणले नेपालमा ४.८७ प्रतिशत अपाङ्गहरु रहेका दाबी सहित तथ्याङ्क निकालिएको थियो । अपाङ्कताको विश्व समुदायमा बढ्दो स्थिति रहेको अवस्थामा अपाङ्गहरुको संख्या विश्वभरमा कति रहेको छ भन्ने विषयमा U.S census 2001 ले दिएको तथ्याङ्क अनुसार अल्पविकसित मूलुकमा १२ प्रतिशत रहेको तथ्याङ्क सार्वजनिक गरेको छ भने विश्व स्वास्थ्य संगठनले 20 Jun 2011 मा निकालेको प्रतिवेदन अनुसार १५ प्रतिशत अर्थात १ विलियन भन्दा बढी अपाङ्गता भएको व्यक्तिहरु रहेको तथ्याङ्क निकालेको छ । विश्व स्वास्थ्य संगठनका तथ्याङ्क अनुसार प्रत्येक सातजनामा १ जना अपाङ्ग हुने गरेको पाइएको उल्लेख गरेको छ । यसरी अपाङ्गहरुको विवरण तयार पार्दा निम्न बमोजिमका समस्याहरु भएकालाई समेत अपाङ्ग मानिएको छ । हेराई सम्बन्धी, सुन्नमा कमजोर, बोल्न नसक्ने सम्झन नसक्ने अर्थात अरुको सहायता चाहिने जुन सुकै व्यक्तिहरुलाई पनि अपाङ्ग भनिएको छ । वास्तवमा नेपालमा कति अपाङ्ग भएका व्यक्तिहरु

रहेका छन् भन्ने यकिन तथ्याङ्कहरु नभएपनि विभिन्न गैरसरकारी संघ/संस्थाद्वारा गरिएको नमूना सर्वेक्षणको आधारमा ३ देखी ८ प्रतिशत भएको पाइएको छ । विगत दशकमा जनयुद्धका कारण हजारौं लडाकुहरु, सुरक्षाकर्मी र सर्वसाधारणहरु अपाङ्ग बन्न पुगेका छन । यसरी समष्टिगत रुपमा भन्ने हो भने नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको संख्या २५ देखि ३० लाख सम्म रहेको अपाङ्गता क्षेत्रमा कार्यरत संघ संस्थाको अनुमान रहेको छ (उपाध्याय, २०६६) ।

नेपालको सन्दर्भमा अपाङ्गताको परिभाषा गर्दा शारीरिक अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याको भौतिक, सामाजिक, साँस्कृतिक वातावरणका साथै संचार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा संचालन गर्न एवं सामाजिक जीवनमा सहभागी हुन कठिनाई हुने अवस्था अपाङ्गता हो (अपाङ्ग, महासंघ, २०५६)

“मानव विकासको क्रमसंगै चिकित्सा विज्ञानमा भएको उपलब्धि र विश्व परिवेशमा रहेको मानवीय व्यवहारका कारण विगतका शताब्दीहरु भन्दा हाल आएर अपाङ्ग हुने कारणहरुमा केही सुधार वा भिन्नता देखा परेको छ । गरिबीका कारण, गर्भमा रहँदा अपर्याप्त पोषण, समयमा रोगको निदान नहुनु, उचित औषधि उपचार हुन नसक्नु जस्ता कारणबाट अपाङ्गता हुने क्रममा एकतिर सुधार देखिएको छ भने अर्कोतिर दुर्घटना सशस्त्र द्वन्द्व, वंशाणुगत विचलन, प्राकृतिक प्रकोप र जोखिमयूक्त कार्यस्थल आदिबाट अपाङ्गताको कारणहरु र यसको दरमा वृद्धि भइरहेको छ” (पोखरेल, २०६५) ।

“अझै पनि नेपालका ८० प्रतिशत भन्दा बढी बहिराहरु नागरिक हुने अधिकारबाट बञ्चित मात्र छैनन् घर र परिवारिक सहभागिताबाट नै विस्थापित छन् । उनीहरुमा वास्तविक सञ्चार छैन । शिक्षा, स्वास्थ्य, मनोरञ्जन छैन । अविवाहित छन् । परिवारिक सम्पत्तिको हक उनीहरुमा छैन तर पनि ग्रामीण समाजका बहिराहरुकाले गरेको शारीरिक कामहरु उलाहरणीय छन् । ज्यादै पीडा, भोक र दबाबको बाबजुद उनीहरु जोतिइरहेका छन् । जोताइएको छ । २०४७ सालमा अपांग शब्दको प्रयोग गरेर केही अधिकारका कुरा आए तर बहिराले अन्य नागरिक सरहका अधिकार पाउन नसकेको कालो यथार्थले अझै पनि अक्षर चिन्ने बहिरामा पोलिरहेको छ भने बहिराले पढेर सक्षम बन्न सक्छ भन्ने चेतना र पहुचको अभावमा बहिरा स्कुलमा पनि बहिरा विद्यार्थी अत्यन्तै कम छन्” आवाज बुलेटिन ।

## २.४ बहिराहरुको लागि भएको गतिविधिहरु

विभिन्न सर्वेक्षणले अपाङ्गहरुको स्थितिको बारेमा अध्ययन गरे पनि पछिल्लो समयमा विश्व बैङ्कको तथ्याङ्क अनुसार अपाङ्ग भएका मानिसहरुको सुनिश्चितता नभएको कारणले गर्दा विकशित राष्ट्रहरुमा वार्षिक रुपमा १.३७ देखि १.३४ ट्रिलियन अमेरिकन डलर सम्म घाटा हुने तथ्याङ्क सार्वजनिक गरेको छ भने नेपाल त्यस्तो द्वन्द्वग्रस्त र अल्पविकशित राष्ट्रहरुमा सम्पुर्ण अपाङ्गहरुको प्रतिनिधित्वका लागि निभिन्न किसिमका तालिम, रोजगारी र सशक्तिकरणका लागि तल्लो स्तरदेखी नै पहल गरी देशलाई हुने घाटा रकमलाई परिपुर्ति गर्नका लागि विशेष पहलका लागि हुन आवश्यक भएको छ । यसरी विभिन्न क्षेत्रमा सवल बनाई सही प्रतिनिधित्व गाराई अपाङ्गहरुको आर्थिक, सामाजिक उन्नतिको लागि अग्रसर हुनुपर्ने उल्लेख भएको छ (प्रदिप कुमार घिमिरे, २०१०)

समयको क्रमसँगै अपाङ्गताको हक हित र अधिकारको लागि विश्वव्यापी रुपमा नै घोषणामा ऐन नियम कार्यक्रमहरु बनाइएता पनि वास्तविक रुपमा कार्यन्वयन कमै मात्रामा भएको देखिन्छ । यसै सन्दर्भमा संयुक्त राष्ट्रसंघले सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा गरे पश्चात सर्वप्रथम सुस्तमनस्थिति भएका व्यक्तिहरुका लागि सन् १९७१ मा र अपाङ्गता भएका व्यक्तिहरुका लागि सन् १९७५ मा मानव अधिकारको प्रत्याभूति हुने दस्तावेजको घोषणा गरेको थियो । नेपालमा वि.स. २०२१ देखि दृष्टि विहिनका लागि वि.स. २०२३ देखि सुस्तमनस्थितिका लागि र वि.स. २०२६ देखि शारीरिक अपाङ्गका लागि शिक्षाको थालनी भएको पाइन्छ (कार्य योजना २०६३) ।

अपाङ्गहरुको हितको संरक्षण तथा सम्वर्द्धन गर्न, अपाङ्ग हुने परिस्थितिको रोकथाम गरी निराकरण गर्न, अपाङ्गहरुको स्वास्थ्य शिक्षा, स्याहार तालिम र उनीहरुको समानताको हक तथा रोजगारी समेतको कल्याणकारी आवश्यक व्यवस्था गरी अपाङ्गलाई समाजकै सक्षम सदस्य सक्रिय रुपमा उत्पादनशील नागरिक बनाउन बाञ्छनिय भएकोले यसको कार्यान्वयनको लागि ऐनमा नै व्यवस्था गरीएको छ (नेपाल सरकार, २०३९) ।

अपाङ्ग व्यक्तिहरुको अन्तराष्ट्रिय एशिया प्रशान्त क्षेत्रिय परिषदले यस क्षेत्रका "अपाङ्ग व्यक्तिहरुको क्षमता अभिबृद्धि तालिम तथा सम्मेलन" अपाङ्ग व्यक्तिहरुका लागि समाहित अवरोधमुक्त अधिकारमा आधारित समाज स्थापनाको नारा सहित समाजको स्थापनाको नारा सहित काठमाडौंमा सम्पन्न भएको थियो जसमा करीव २८ मुलकका ४०० भन्दा बढी अपाङ्ग व्यक्तिहरुको सहभागिता रहेको थियो । यस सम्मेलनको मूख्य उद्देश्य अपाङ्ग यूवा

नेतृत्व विकास र संयुक्त राष्ट्रसंघीय विभिन्न घोषणाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गराउनु रहेको थियो ।

१) नीति निर्माणको सम्पूर्ण तह विशेषगरी सहकारीता अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गराउने संयन्त्रको स्थापना गर्ने ।

२) अपाङ्गता भएका महिलाहरुलाई समान सहभागिताको आधारमा नीति निर्माणको तहमा सहभागी गराउनुका साथै उनीहरुका विरुद्धमा रहेका भेदभावपूर्ण विद्यमान नियम कानुनहरुलाई संसोधन गर्न लगाउने ।

३) आपाङ्ग भएका व्यक्तिहरुको सहज पहुँचसम्बन्धी विद्यमान नियम कानुनलाई प्रभावकारी रुपमा लागु गराउन तथा त्यस्ता नीति नियम नभएका राष्ट्रहरुमा सो सम्बन्धी नीति नियम बनाउन लगाई लागु गराउने ।

४) बहिरा तथा सुस्तश्रवण भएका व्यक्तिहरु र दृष्टिविहिन व्यक्तिहरुको लागि सञ्चारको प्रभावकारी विकास गर्न साँकेतिक भाषा र ब्रेल लिपिको यथोचित विस्तार गरी ति भाषाहरुलाई राष्ट्रिय मान्यता प्राप्त गराउने ।

५) अपाङ्गता भएका व्यक्तिहरुले प्राप्त गरेको शिक्षा र सीपको आधारमा समान रोजगारीका अवसरहरु दिलाउने ।

६) अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संघ संस्थाहरुको विकास गर्नुको साथै तिनलाई सशक्त तुल्याउन जनचेतना अभिवृद्धि गर्ने ।

७) उप-क्षेत्रिय कृयाकलापहरुलाई विस्तार गर्नका लागि उपक्षेत्रिय साझा अपाङ्ग मञ्चको स्थापना गर्ने (काठमाडौं घोषणापत्र, २००४)

वैज्ञानिक अनुसन्धानद्वारा अपाङ्ग हुनुका २५० भन्दा बढी कारणहरु पत्ता लागिसकेको भएतापनि मुख्यतयाः बच्चा जन्मनु अगाडी हुनुका कारणहरुमा वंशानुगत गुण, आफ्नै गोत्रभित्र विवाह हुनु, आमालाई विभिन्न रोगहरु जस्तै “जर्मन मिजल्स” वा दादुरा ( गर्भधारणकौ तीन महिना भित्र हुनाले) इन्सेफलाइटिस, इन्फ्लुएन्जा र क्षयरोग, भिरङ्गी रोग ष मेनरियल डिजिज, आमालाई कुपौषित हुन जान्छ । यस्तै गरी आमाको कमजोरीपनले गर्दा सुतकेरी प्रक्रिया जटील हुन्छ र अपाङ्गपन देखापर्ने गर्दछ । त्यस्तै गरी गर्भधारण अवधि भरमा आमालाई स्वास्थ्य सेवा नभएमा आमाले लागुपदार्थ प्रयोग गरेमा पनि बच्चामा अपाङ्गपन देखा पर्दछ (विश्व स्वास्थ्य संगठन, २०६६) ।

नेपालमा करिब ५३ लाख अर्थात १६.६० प्रतिशत नेपाली विभिनन किसिमको बहिरोपनबाट ग्रसित छन । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जका प्राध्यापक तथा नाक कान घाँटी विभाग प्रमुख डा. विमलकुमार सिन्हाका अनुसार ती मध्ये सात लाख नेपाली बहिरोपनबाट ग्रसित रहेका छन । उनका अनुसार बहिरोपनबाट ग्रसित नेपाली बालबालिका सुन्नमात्र नसक्ने नभई उनीहरुमा भाषा र बोलीको राम्रो विकास हुन नसकेको बताउनुभयो । बहिरोपनका कारण धेरै नेपाली घरपरिवार तथा समाजबाट बहिस्कृत हुदै आएका छन (पोखरा टुडे, २३ जेष्ठ, २०६८) ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट

अनुसन्धानमा यस अध्ययनलाई धवलागिरी बहिरा विद्यालय, बालगुङ बजार र बागलुङ जिल्लामा पर्ने भकुण्डे गा.वि.स. लाई अध्ययन क्षेत्रको रुपमा लिई उक्त गा.वि.स.का बहिरा बालबालिकाहरु, उनीहरुको परिवार र उक्त विद्यालयको व्यवस्थापक र शिक्षकहरुको निश्चित सङ्ख्या तोकी अध्ययन गरिएको छ । उक्त गा. वि.स. र विद्यालय नै अध्ययनको क्षेत्रको रुपमा छनौट गर्नुको प्रमुख कारणहरु यस प्रकार रहेका छन् ।

- उल्लेखित गा. वि. स. मा बहिरा बालबालिकाहरु आश्रित परिवारको घनत्व बढी भएको, बहिरा बालबालिकाहरुसंग सम्बन्धित समस्याहरु अन्य गा.वि.स.हरुमा भन्दा अझ बढी सतहमा देखा परेको, समाजशास्त्रिय अध्ययन गहनताका साथ अगाडी बढाउन सकिने भएकोले र यो स्थान अध्ययनको उदेश्यहरु प्राप्ति गर्नका लागि उपर्युक्त  देखियो । ।
- उक्त विद्यालय, बागलुङ र धवलागिरी अञ्चल लगायतका बहिरा बालबालिका समेटी उनीहरुको सामाजिक-शैक्षिक स्तरोन्नती गर्न लागि परेको तर आज सम्म पनि यहाँका बालबालिका सम्बन्धि कुनै समाजशास्त्रिय अध्ययन नभएको हुँदा, उक्त विद्यालयबाट बहिरा बालबालिकाको बारेमा तथ्यगत जानकारी लिई अध्ययन गर्न सकिने भएकोले ।
- बहिरा बालबालिकाहरुको विश्वव्यापी रुपमा बढ्दो स्थिति, सामाजिक रुपमा उनीहरुमाथि हुने दुर्व्यवहार र उनीहरुको अवसरको सुनिश्चितताको लागि आगामी दिनहरुमा केही मात्रामा सहयोगको लागि उक्त क्षेत्रलाई अध्ययन क्षेत्रको लागि छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा मुलतः वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अवलम्बन गरिएको छ । वर्णनात्मक अनुसन्धान प्रकृति अन्तर्गत बहिरा बालबालिकाहरुको अवस्था

उनीहरु आश्रित परिवारको आर्थिक सामाजिक अवस्थित र धवलागिरी बहिरा विद्यालयको सामाजीक-आर्थिक अवस्थाको वर्णन गरिएको छ । अध्ययन क्षेत्रमा बहिरा बालबालिकाका कारण उत्पन्न विशेष पारिवारिक तथा सामाजिक परिस्थितिहरु स्थलगत अध्ययनको आधारमा वर्णनात्मक प्रकृतिक प्रयोग गरी प्राप्त सूचनाहरुको व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.३ समग्रता र नमूना छनौट विधि

मेरो अध्ययन क्षेत्र बागलुङ जिल्लाको सदरमुकाममै रहेको धवलागिरी बहिरा विद्यालयमा अध्ययन गर्दै आइरहेका बागलुङ भकुण्डे गा.वि.स. का बहिरा विद्यार्थीहरु (बहिरा बालबालिका) जम्मा १२ मध्ये ८ जना बहिरा बालबालिकालाई उद्देश्यपूर्ण नमुना छनौट विधि प्रयोग गरी अनुसन्धान गरिएको छ । छनौट गरिएका अभिभावक, परिवारका सदस्य, शिक्षक, विद्यालय व्यवस्थापकलाई आवश्यकता अनुरुप तयार पारिएको प्रश्नको सूचीको आधारमा प्रश्नावली भर्न लगाई मात्रात्मक र गुणात्मक तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.४ तथ्याङ्क संकलनका विधिहरु

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै किसिमका तथ्याङ्कहरुको प्रयोग गरिएको छ । प्राथमिक विधिहरुमा अन्तरवार्ता विधि, घरधुरी सर्वेक्षण विधि, सामुहिक छलफल विधि, अबलोकन विधि थियो भने द्वितिय तथ्याङ्क विधिमा विभिन्न पत्र-पत्रिका, पुस्तक, जर्नल, गाउँ विकास समिति (गा.वि.स.), जिल्ला विकास समिति (जि.वि.स.) आदि प्रयोग गरि तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४.१ मुख्य उत्तरदातासँगको अन्तरवार्ता

अन्तवार्ता विधिमा अनुसन्धानकर्ता धवलागिरी बहिरा विद्यालयमा सम्पर्क गरी विद्यालयका प्रधानअध्यापक वसन्त जंग राजभण्डारी ज्यू, होस्टेल ईन्चार्ज मिना बस्नेत बहिरा स्थापना गरि बहिरा बालबालिकालाई विद्यालय शिक्षा मार्फत आत्मनिर्भर बनाउनमा लामो समयदेखि योगदान पुर्‍याउदै आउनु भएका समाजसेवी के.वी. राना मगरलाई भेट्याएको थिएं । पहिला देखिनै चिनाजान भएको आफ्नो विषयको बारेमा जानकारी गराउन सजिलो भएको थियो । वहा सँग भेट भएपछि मैले आफु बहिरा बालबालिकाको बारेमा

अध्ययन गर्न आएको जानकारी गराएको थियो । त्यसपछि मैले बहिरा बालबालिका सम्बन्धी जिज्ञासा राखेको थिए । वहाँ मार्फत अन्य उत्तरदाता सँग भेटघाट भएको थियो ।

### ३.४.२ घरधुरी सर्वेक्षण विधि

यस अध्ययन क्षेत्रमा रहेका घरधुरी मध्ये ८ घरधुरीलाई घरधुरी सर्वेक्षण गरिएको थियो । जसमा उमेर, लिङ्ग, बहिरा हुनुका कारण, जन्मनु भन्दा पहिला बहिरा भएको कि पछि, पेशाको बारेमा तथ्याङ्क संकलन गरिएको थियो । घरधुरी सर्वेक्षण गर्दा प्रायः घरमा बुढापाका र महिलाहरु भेटिएका थिए र उनीहरुसँग सोधि पारिवारीक विवरण संकलन गरिएको थियो ।

### ३.४.३ अवलोकन विधि

बहिरा बालबालिकाको अध्ययन प्रश्नावलीका माध्यमबाट मात्रै गर्न नसकिने भएकोले अध्ययनका लागि अवलोकन विधि अपनाइएको थियो । यस विधिबाट बहिरा बालबालिका र परिवारको स्थितिबारे धेरै कुरा थाहा पाउन सकिने भएकोले यस अध्ययनमा पनि यो विधि अपनाइएको थियो । बहिरा बालबालिकाको दिनचर्या, उनीहरुको साथी र अभिभावकको व्यावहार, परिवारीक अवस्था, उनीहरुले घरमा गर्ने काम, रहन-सहन, सामाजिक जमघट,अरु समुदायले गर्ने व्यवहार, उपचार, खाना, कपडा जस्ता मनोवैज्ञानिक कुरा नजिकबाट अवलोकन गरिएको थियो ।

## ३.५ तथ्याङ्कको प्रस्तुती, व्याख्या तथा विश्लेषण

स्थलगत अध्ययनको क्रममा संकलित तथ्याङ्कलाई तिनीहरुको प्रकृतिको आधारमा वर्गीकरण गरी गुणात्मक र संख्यात्मक तथ्याङ्कलाई विश्लेषण गरी सामान्यीकरण गरिएको छ । गुणात्मक तथ्याङ्कलाइ आवश्कता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बनाउन विश्लेषण र विस्तार गरिएको छ । यसै गरि सङ्ख्यात्मक सुचनालाइ तालिका प्रयोग गरेर र प्रतिशत, औषत निकाली त्यसको व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.६ अध्ययनको सीमा

बहिरा बालबालिका समाज एक अध्ययनको लागि आवश्यक श्रोत, साधन र समयको सिमितलाई ध्यानमा राख्दै  निम्न सिमाहरु रहेका छन ।

क) धवलागिरी बहिरा विद्यालयमा अध्ययनरत बागलुङ जिल्ला भकुण्डे गा. वि. स. का बहिरा बालबालिकाहरुको अध्ययन गरिएको छ ।

ख) यो अध्ययन समाजशास्त्र/मानवशास्त्र स्नाकोत्तर तहको लागि आंशिक कार्य परिपुर्ति गर्न तयार पारिएको छ ।

ग) यो अध्ययनले भकुण्डे गा. वि. स. को बहिरा बालबालिका बाहेक अन्य क्षेत्रका बहिरा बालबालिकाहरुको प्रतिनिधित्व नगर्न पनि सक्छ ।

# अध्याय चार

## अध्ययनको क्षेत्रको सामान्य परिचय

यस अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक अवस्था, हावापानी, जनजीवन र प्राकृतिक अवस्थाको बारेमा चर्चा गरिएको छ । अध्ययन क्षेत्रको जिल्लाको समेत सामान्य परिचय दिने प्रयास गरिएको छ । नेपाललाई भू-धरातलिय आधारमा हिमाली, पहाडी र तराई प्रदेश गरी तीन भागमा विभाजन गरिएको छ । यही भौगोलिक विभाजनका आधारमा जात जातिहरुको बसोबास, हावापानी, धरातल, उत्पादन र संस्कृतिमा समेत फरक रहेको पाइन्छ । यस अध्ययन, अध्ययनक्षेत्रको केन्द्र विन्दु बागलुङ जिल्लाको सदरमुदेखि नजिक अवस्थित भकुण्डे गाउँ विकास समितिको बहिरा बालबालिकाको परिवार, धवलागिरी बहिरा विद्यालय बागलुङ र त्यहाको समाजमा आधारित रहेको छ ।

### ४.१ अध्ययन क्षेत्रको भौगोलिक अवस्था

धवलागिरि अञ्चलमा पर्ने झण्डै नेपालको नक्सासँग मिल्दो आकारमा रहेको बागलुङ जिल्ला नेपालमा ७५ जिल्लाहरु मध्ये एक ग्रामिण गाउँबस्ती भएको जिल्ला हो । कुल १,७८४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो जिल्ला राजनैतिक हिसाबले ३ बटा निर्वाचन क्षेत्र, १३ वटा इलाका, १ नगरपालिका र ५९ गा.वि.स. मा विभाजित छ । भौगोलिक, जातिगत, पेशागत, भाषागत तथा धर्मगत विविधताले युक्त यस जिल्ला “झुलुङ्गे पुलको जिल्ला” को उपनामले समेत परिचित छ । जिल्लाको पूर्वी भागमा रहेको बागलुङ बजार यसको सदरमुकाम हो । सदरमुकाम देखि पश्चिमी भागमा करिव ३६ कोष सम्मको दुरीमा रहेका गा.वि.स.का सेवा ग्राही जनताहरुलाई सेवा प्रदान गर्ने सरकारी कार्यालयहरु जिल्लाको छेउमा परेका छन । अधिकांश पहाडी भू-भाग रहेको यस जिल्लाको नामाकरण सम्बन्धमा कुनै  समयमा यस ठाउँमा बाघैबाघहरुको संख्या बढी भई हिँडडुल गर्दा समेत ताँती लगाइ हिड्ने हुँदा यहाँको जनजीवन अति नै भयावह भएकोले यस्तो अबस्थाबाट मुक्ति पाउन त्यसबेलाका मगर जातीका बलिया व्यक्तिहरुको सक्रियतामा बाघहरुलाई खेद्ने काट्ने वा मास्ने गरेको हुँदा यसरी बाहरुलाई मास्ने उद्देश्यले गरेको कार्यको अर्थमा यस ठाउँको नाम ‘बाघलुञ’ वा ‘व्याघ्रलु’ रहन गएको र पछि सो नाम अपभ्रंश हुँदै बागलुङ रहन

गएको कहावत मानिन्छ ।

धवलागिरी अञ्चलका चार जिल्लाहरु मध्ये नै सबै भन्दा बढी जनघनत्व भएको जिल्ला यहि हो । यस जिल्लामा विभिन्न सुविधाहरु ज्स्तै - समथल जमीन, अस्पताल, खाने पानी यातायात, विद्यालय बाटो-घाटो, बाली-नाली आदि जस्ता सुविधा क्रमशः धेरै ठाउँमा विस्तार हुँदैछ । समयको परिवर्तन संग-सगै स्थानीय जातिहरुको विशेषत सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षहरुमा पनि निरन्तर परिवर्तन हुँदै आएको देखिन्छ । जसलाई पछिल्ला अध्यायहरुमा विस्तृत रुपमा व्याख्या गरिएको छ ।

कुल जनसंख्या २६८९३४ रहेको यस बागलुङ जिल्लामा रहेका ५९ गाविस मध्ये ५६ गा.वि.स.मा बहिरा बालबालिका रहेका छन । जसको संख्या ५०७ रहेको छ (Planning for the Disable bsaseline survey report, Baglung District-2010, जि.वि.स. बागलुङ) ।

वि.स. २०६४ सालमा धवलागिरी बहिरा विद्यालय बागलुङ जिल्लामा पहिलो पटक स्थापना भएको हो । बहिरा बालबालिका लाई व्यावहारिक शिक्षा प्रदान गरि उनीहरुलाई पनि आत्मनिर्भर र सक्षम बनाउने लक्ष्यका साथ सञ्चालित यस स्कुलमा कक्षा नर्सरी देखि कक्षा ६ सम्म पढाई हुदैआएको छ । स्कूल शुरु हदा जम्मा १६ जना बहिरा बालबालिका अध्ययन गर्ने धवलागिरी बहिरा विद्यालयमा हाल ८१ जना बहिरा बालबालिका अध्ययनरत छन ।

## ४.२ अध्ययन क्षेत्रको सामाजिक संरचना

बागलुङ जिल्लामा सदरमुकाम देखि नजिकै रहेको गा.वि.स. मध्ये एक भकुण्डे गा.वि.स. हो । यहाँ विभिन्न जात-जातिहरुको वसोवास रहेको छ । यहाँ वसोवास गर्ने जातिहरुमा व्राम्हण, क्षेत्री, मगर, दमाई, नेवार, ठकुरी, किसान, गुरुङ, लगायतका जात जातिको वसोवास रहेको छ । अध्ययन क्षेत्रमा घरप्राय गरेर नजिक नजिक बनाइएका छन । एक  घरको आगन अर्को घरमा जोडिएको पाइन्छ । प्राय जसो घर माटोले बनेका चिटिक्क र सफा सुग्घर देखिन्छन । केही धनी र हुने खानेले मात्र पक्की र काठले बनाएको पाइन्छ ।भकुण्डे गा.वि.स.को मुख्य वालीहरुमा कोदो, धान, मकै, गहु, उखु, केरा, लगायत अन्य रहेको छ । यहाँका मानिसहरु खेती पाती व्यापारतिर परनिर्भर भएर वसेका छन् । खेती-

पाती लगायत यहाँका मानिसहरु व्यापार व्यवसाय पनि गर्ने गर्दछन् । यहाँका मानिसहरुलाई विभिन्न भौतिक सुविधाहरु रहेको छ । यहाँ यातायात, स्कुल, कलेज, अस्पताल, खानेपानी, टेलिफोन लगायत अन्य मानविय आवश्यकहरुको सुविधा रहेको छ । शहरीकरणको प्रभाव संग-संगै मानिसहरु क्रमिक रुपमा परम्परागत पेशा (खेतीपाति) लाई छोडी नयाँ पेशाहरु- व्यापार, व्यवसाय, रोजगारी, ज्यालादारी आदि तर्फ मानिसहरु लाग्न थालेका छन् । भने हाल आएर वैदेशिक रोजगारमा जानेको संख्या बढ्दो रहेको पाइन्छ ।

## ४.३ बहिरा बालबालिकाको अवस्था

"अपांग व्यक्तिहरुमाझ बोल्न र सुन्न नसक्ने व्यक्ति (बहिरा) हरुको अधिकार तथा सामाजिक सहभागितामा झन् ओरालो लाग्दो छ । अनेक अध्ययनहरुले के देखाएका छन् भने बहिरा र सुस्त श्रवण व्यक्तिहरु देशमा उल्लेख्य मात्रामा छन् । राष्ट्रिय योजना आयोगको एक अध्ययनले देखाए अनुसार ३८ प्रतिशत अपांगहरु सञ्चार सम्बन्धी अपांगता भएका (बहिरा) हरु छन भने ७१ प्रतिशतले कहिल्यै पनि विद्यालयको पाइला टेकेका छैनन् । त्यस्तै आइओएम/बीआरआइएनओएस ले नेपालका ६ जिल्लामा बहिरोपन तथा कान रोगको प्रवलता सम्बन्धमा गरेको सर्वेक्षण अनुसार १६.६ प्रतिशत जनसंख्यामा सुनाई सम्बन्धी समस्या रहेको पाइएको छ (पन्थी, २०६७) ।

अध्ययन क्षेत्रमा रहेका बहिरा बालबालिकाको अवस्था हेर्दा उनीहरु स्कूल पढ्न जानु भन्दा अगाडी उनीहरुलाई सवैले जिस्काउने, समाजमा नराम्रो दृष्टिकोणले हेर्ने जस्तैः यो बहिरा हो भनेर हेप्ने गर्ने गरेको अध्ययनको क्रममा बहिरा बालबालिकाहरुको अभिभावकले बताए ।

"कुरीति र विकृतिले जरो गाडेर बसेको नेपाली समाजको प्रत्यक्ष असर बहिरा र अपाङ्गहरु माथि परेको छ । हाम्रो ग्रामीण समाजमा पारिवारिक रुपमा टाठाबाठा सदस्यहरु बाहिर हिंडफेर डुल्ने, कमाउन हिड्ने, आर्थिक रुपले सम्पन्न हुदैं जाने तर बहिरा सदस्यलाई घरायासी कामधन्दामा अल्झाई आफ्नो फाइदा लिने प्रवृत्ति मौलाइरहेको छ भने शहरबजारमा बहिरालाई वास्तै नगर्ने, काम नलाग्ने भन्दै छाडा छाड्ने, बरालिएर हिंड्न दिने प्रवृत्ति विकसित भैरहेको छ । यो आम बहिराहरुको लागि डरलाग्दो कलंक हो । यस्तो कलंकले आम बहिरा विकासको लागि बाधकको तत्व मात्रै पैदा गराइराखेको हुन्छ ।

बहिराहरु पुरै हिसाबले आर्थिक, सामाजिक, नैतिक, राजनैतिक, शैक्षिक, व्यावहारिक रुपमा पछाडी परेको अवस्था छ । उनीहरुको मनोबल घटेको छ । आत्म सम्मानमा चोट पुगेको छ । समाजमा हुनेखानेका मुखेन्जी इज्जतिलो जीवनयापन गर्न सकिएको छैन । सामाजिक संरचना बहिरा र अपांगमुखी छैन । उनीहरु शान्त, चुप लागेर बस्नुपर्छ, धेरै बोल्नु हुदैन, अरुले भनेको मान्नु पर्छ, बाहिर निस्कनु हुदैन भन्ने अझै विद्यमान केही यस्ता सोच छन् जसले बहिराहरुको समानताको अधिकार, स्वतन्त्र भएर हिंडडुल गर्ने, मनको कुरा व्यक्त गर्ने अधिकार, सामाजिक सुरक्षाको अधिकार, रोजगारीको अधिकार, सामाजिक सुरक्षाको अधिकार, रोजगारीको अधिकार आदिलाई कुण्ठित तुल्याएको छ ।" विकास धिमिरे(२०६७)

अध्ययन क्षेत्रका बहिरा बालबालिकाहरु अहिले स्कुल जान थाले पछि उनीहरुको हरेक क्रियाकलापमा परिवर्तन हुदै आएको पाइयो । जस्तै :- उनीहरुले आफ्नो सरसफाई, दैनिक कृयाकलाप, घरको काममा सहयोग गर्ने गरेको पाइयो । अरु सामान्य बालबालिकाहरु सँग नझर्किने, राम्रो व्यावहार गर्ने, विद्यालयमा साथीहरुसँग मिलेर बस्ने, पत्रपत्रिका पढ्ने गरेको कुरा विद्यालयका शिक्षक एंव व्यवस्थापन समितिका सदस्यहरुले बताए । यसरी जव बहिरा बालकालिकालाई स्कूल भर्ना गरियो त्यसपछि बहिरा बालबालिका मात्र नभएर उनीहरुको परिवार र समाजको हेराइमा पनि सकारात्मक सोचाई बढ्दै गएको पाइयो । बहिरा बालबालिका आफु बहिरा भएकोमा केहि गर्न सकिदैन, हामी समाजका बोझ हौ भन्ने सम्झन्थे । तर अहिले साकेतिक भाषाका ज्ञान, विद्यालयीय शिक्षा, प्रविधिक तालिमले गर्दा बहिरा बालबालिकाहरुमा आत्मविश्वास बढेको र हामी पनि आफै केहि गर्न सक्छौ भन्ने कुराको विकास हुदै गएको विद्यालका प्राध्यापक बसन्तजंग राजभण्डारीबाट जानकारी प्राप्त भएको थियो ।

# अध्याय पाँच

# पारिवारीक र आर्थिक अवस्था

प्रस्तुत अध्यायमा अध्ययन क्षेत्रका नमुना छनौटमा परेका बहिरा बाललबालिकाको पारिवारीक अवस्था, परिवारको जनसख्या, पारिवारीक संरचना, आर्थिक अवस्था अध्ययनको क्रममा आर्थिक पक्षका बारेमा सामान्य जानकारी, जग्गाको वितरण, खाद्यान्नको पर्याप्तता, पेशा, पशुपालन बारे चर्चा गरिएको छ ।

## ५.१ अध्ययन गरिएको घरधुरीको अवस्था

अध्ययन क्षेत्रको घरधुरी अवस्था के कस्तो छ । जस्तै पशुपालन, जग्गाको वितरण, पारिवारीक संरचना र खद्यान्नको अवस्था कस्तो रहेको छ । यस विषयमा संकलित विवरण प्रस्तुत गरिएको छ ।

### ५.१.१ उमेर र लिङ्गको आधारमा परिवारको जनसख्या

अध्ययन क्षेत्र, भकुण्डे गा.वि.स.का जम्मा जनसख्या ४०३३ रहेको थियो । नमुना छनौट द्वारा ८ घरधुरीको जनसख्या लिएको थियो । जसमा जम्मा जनसख्या ४८ रहेको थियो । जसमा महिला संख्या २५ जना र पुरुष संख्या २३ जना रहेको पाइयो । जसलाई तालिका १ द्वारा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**उमेरका आधारमा बहिरा बालबालिकाहरुको परिवारको जनसंख्या**

| उमेर | महिला संख्या | पुरुष संख्या | जम्मा | प्रतिशत | बहिरा बालबालिकाको संख्या |
|---|---|---|---|---|---|
| ०-४ | २ | १ | ३ | ६.२५ | - |
| ५-९ | २ | २ | ४ | ८.३४ | ४ |
| १०-१४ | १ | २ | ३ | ६.२५ | ३ |
| १५-१९ | २ | २ | ४ | ८.३४ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| २०-२४ | २ | २ | ४ | ८.३४ | - |
| २५-२९ | ३ | २ | ५ | १०.४१ | १ |
| ३०-३४ | १ | २ | ३ | ६.२५ | १ |
| ३५-३९ | २ | २ | ४ | ८.३४ | १ |
| ४०-४४ | २ | १ | ३ | ६.२५ | - |
| ४५-४९ | २ | २ | ४ | ८.३४ | - |
| ५०-५४ | - | १ | १ | २.०८ | - |
| ५५-५९ | २ | २ | २ | ४.१६ | - |
| ६०-६४ | २ | १ | ३ | ६.२५ | - |
| ६५-६९ | १ | - | १ | २.०८ | - |
| ७० - माथि | १ | १ | २ | ४.१६ | - |
| जम्मा | २५ | २३ | ४८ | १०० | १२ |

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

माथिको तालिका नं. १ अनुसार भकुण्डे गा. वि. स. मा रहेका बहिरा बालबालिकाको परिवारमा २५-२९ उमेर समुहमा सबैभन्दा बढी अर्थात कुल जनसंख्याको १०.४१ प्रतिशत रहेको थियो । त्यसै गरी ०-४ र १०-१४ उमेर समुहमा समान संख्या रहेको देखिन्छ । संकलन गरिएको तथ्याङ्क अनुसार कुल संख्यामा पुरुषको भन्दा महिलाको संख्या धेरै रहेको थियो । उमेरगत आधारमा बुढापाकाको तुलनामा बालबालिका र वयस्कको संख्या धेरै थियो । त्यसै गरी बहिराको संख्या १२ रहेको थियो । यसरी यस अध्ययनमा बहिरा बालबालिकाहरुको सम्पूर्ण परिवारको जनसाख्यिक विवरण लिइएको थियो जुन विवरणले बहिरा बालबालिकाको पारिवारिक स्थिति आंकलन र तथ्य विवरणको जानकारी तथा परिवार भित्र हुने सम्पूर्ण क्रियाकलापको अध्ययनमा सहयोग पुगेको थियो ।

## ५.१.२ पशुपालन

अध्ययन क्षेत्रका बहिरा बालबालिकाका परिवारले पशुपालन आर्थिक पक्षको अभिन्न अङ्गको रुपमा लिएको पाइयो । पशुपालन गाई, भैसी, बाखा, गोरु, कुखुरा, सुंगुर आदि पाल्ने बताए । जसको प्रयोग दैनिक जीवनमा प्रयोग गर्ने र बाँकी बजारमा लगि वेच्ने र आफ्नो

आवश्यक सामान किन्ने बताए । जसको प्रयोग दैनिक जीवनमा गर्ने गरेको बताए । उदाहरणको लागि गाई भैंसी बाट दुध, मलको लागि जसको प्रयोग दैनिक जीवनमा गर्न र बाँकी बजारमा बेची आवश्यक पर्ने सामान किन्ने बताए । यस्तै राँगा गोरु आफ्नो खेतबारी जोत्ने कार्यमा प्रयोग गर्ने बताए । त्यस्तै बाख्रा, कखुरालाई मासुको रुपमा रीतिरिवाजको काममा प्रयोग गर्न हुने र सानो ठाउँमा पनि पाल्न सकिने र आर्थिक रुपले थोरै लगानीले छिटो उत्पादन दिन सकिने हुनाले तिनीहरुको संख्या तुलनात्मक रुपमा बढि पाइयो । जसलाई तालिका नं. २ मा देखाइएको छ ।

**तालिका नं. २**

**बहिरा बालबालिकाको परिवारले गर्ने पशुपालनको विवरण**

| पेशा | ब्राम्हण/क्षेत्री | जनजाति | दलित | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| गाई | २.७०% | १.८०% | १.८०% | ६.३ |
| गोरु | १.८०% | २.७०% | २.७०% | ७.२० |
| बाख्रा | ९.००% | ५.४०% | १०.८२% | २५.२२ |
| कुखुरा | ७.२०% | १३.५२% | १८.०२% | ३८.७४ |
| भैसी | ३.६० % | ५.४०% | ४.५१% | १३.५१ |
| सुगुर | - | ३.६०% | ५.४३% | १९.०३ |
| जम्मा | २४.३ | ३२.४२ | ४३.२८ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

तालिका नं. २ अनुसार सबैभन्दा बढी कुखुरा संख्या ३८.७४ प्रतिशत रहेको पाइयो । त्यसैगरी बाख्राको संख्या २५.२२ र भैसीको संख्या १३.५१ प्रतिशत रहेको पाइयो । यसको कारण आफ्नो जिविकोपार्जनको माध्यम, सामाजिक संस्कारमा चाहिने भएकोले साथै आर्थिक रुपले थोरै लगानीले छिटो उत्पादन दिने भएकोले तिनीहरुको संख्या बढी रहेको पाइयो । तुलनात्मक रुपमा गाई र सुँगुर पालन थोरै गर्ने पाइन्छ ।

## ५.१.३ जग्गाको वितरण

मानिसलाई जीविकोपार्जन गर्न तथा घर बसोबास गर्न जमिनको आवश्यकता पर्दछ आफ्नो पर्याप्त जमिन भएमा त्यहि जमिनको सदुपयोग गरी आर्थिक उपार्जन गर्न सक्षम

हुन्छ भने जमिन नभएमा बासस्थानको लागि पनि अरुमा निर्भर हुनुपर्छ । जसले गर्दा जमिनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अध्ययन क्षेत्रका मानिसहरुको मूख्यतया कृषि पेशामा आश्रित रहेको पाइयो । तसर्थ उनीहरुको आर्थिक हैसियतको निर्धारण उनीहरुसँग रहेको जमिनको स्वामित्वमा निर्भर रहन्छ । यस अध्ययन क्षेत्रका परिवार संख्या र तिनीहरुको स्वामित्वको जमिनको वितरण तलिका ३ मा प्रस्तुत गरिएको छ ।

**तलिका नं. ३**

**जमिनको स्वामित्वको विवरण**

| जग्गाको वितरण | ब्राम्हण/क्षेत्री | जनजाति | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ रोपनी देखी ५ रोपनी | - | - | २ | २ | २५ |
| ५ रोपनी देखी १० रोपनी | १ | १ | १ | ३ | ३७.५ |
| १० रोपनी देखी १५ रोपनी | - | १ | १ | २ | २५ |
| १५ रोपनी देखी २० रोपनी सम्म | १ | - | - | १ | १२.५ |
| जम्मा | २ | २ | ४ | ८ | १०० |

*श्रोतः कार्यक्षेत्र अध्ययन २०६८*

प्रस्तुत तालिका नं. ३ का अनुसार अध्ययन क्षेत्रका ४ घरपरिवार ५ रोपनी देखी १० रोपनी जग्गा रहेको पाइयो । त्यसैगरी १० रोपनी देखी १५ रोपनी जग्गा हुने र १ रोपनी ५ रोपनी जग्गा हुने घरपरिवार समान २/२ धरपरिवार रहेका छन । यसका साथै उनीहरु खेतीबाट भन्दा अन्य पेशा, व्यापार व्यावसाय, ज्यालामजदुरी बाट नै राम्रो आम्दानी हने तथा खेती गर्न झन्झतिलो भएको बताए ।

## ५.१.४ पारिवारीक संरचना

सामान्य अर्थमा परिवार भनेको एउटै धुरीमा बसी एउटै भान्सामा खाना पकाएको खाना खाने आमा, बाबु, छोरा-छोरी रहेको समुहलाई परिवार भनिन्छ । परिवार सामाजिक संरचनाको आधारभूत सामाजिक संस्था हो । परिवारको उत्पत्ति निकै प्राचीन समयदेखि भएको मानिन्छ । जुनबेला विवाहबाट समाजमा परिवार र नाता सम्बन्धको विकास भएको थियो । हामी बस्ने परिवार सामाजिक सम्बन्धको जगमा अडिएको हुन्छ जहाँ साधारणतया लोग्ने स्वास्नी र तिनका छोराछोरीहरु कम्तीमा पनि रहेका हुन्छन ।

यदि परिवारको आकार ठूलो छ भने कुनै वंशनाममा आधारित पाँच सात पुस्ता सम्मका सदस्यहरु एकै ठाउँमा रहेमा त्यसलाई वृहत संयूक्त परिवार र परिवार सधारणतया तीन पुस्ता सम्मका परिवारका सदस्यसँगै रहन्छन, तिनीहरुको भान्छा एउटै छ र पैत्रिक सम्पति संगोलमा छ भने त्यसलाई संयूक्त परिवार भनिन्छ । लोग्ने स्वास्नी र तिनका विवाह नभएका छोराछोरी सँगै भएको परिवारलाई एकात्मक परिवार भनिन्छ । अध्ययन क्षेत्रमा दुई प्रकारका परिवार पाइयो, एकात्मक र संयुक्त परिवार । त्यसैगरी अध्ययन क्षेत्रमा रहेका बहिरा बालबालिकाहरुमा बाबुको थर र सम्पत्ति छोरामा हस्तान्तरण हुने गरेको पाइयो । सम्पूर्ण अधिकार छोराको हातमा नै हुनुका साथै हरेक पितृकर्ममा उ नै अगानी उभिनु पर्थ्यो । महिलाहरु घरयासी कार्यमा संलग्न भएको पाईयो ।

अध्ययन क्षेत्रका बहिरा बालबालिका परिवारको विवरण तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

**परिवारीक आकारको विवरण**

| पारिवारीक संरचना | ब्राम्हण/क्षेत्री | जनजाति | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| एकात्मक परिवार | १ | १ | १ | ३ | ३७.५ |
| संयुक्त परिवार | १ | १ | ३ | ५ | ६२.५ |
| जम्मा | २ | २ | ४ | ८ | १०० |

*श्रोत : कार्य क्षेत्र अध्ययन २०६८*

तालिका नं. ४ अनुसार बहिरा बालबालिकाहरुको अध्ययन गर्दा कूल ८ जनाको परिवारको संख्या मध्ये एकात्मक परिवार कम्तिमा ३ देखि ६ जना सम्म रहेको पाइयो भने ठूलो परिवारमा ७ देखि ९/१० सदस्य सम्म रहेको पाइयो । सबै परिवारमा एकात्मक परिवारको अभ्यास भएको पाइयो । त्यसै गरी तुलनात्मक रुपमा हेर्दा सानो परिवार भन्दा ठूलो परिवारमा बहिरा बालबालिकाको हेरचाह अलि राम्रो भएको पाइयो भने सानो परिवारमा घरका सदस्यहरु आ-आफ्नो काममा जाने भएकोले प्रयाप्त मात्रामा समय दिन नसकेको अध्ययनको क्रममा पाइयो । संख्यात्मक रुपमा हेर्दा एकात्मक परिवार ३७.५ प्रतिशत र संयुक्त परिवार ६२.५ प्रतिशत रहेको पाइयो । जसमा संयुक्त परिवार २५ प्रतिशत

बढी रहेको थियो । यसको कारण बहिरा बालबालिकाहरुको समुदाय पहिला देखि घरयासी कार्यमा सहयोग मिल्छ भनेर एकात्मक परिवार भन्दा संयुक्त परिवारमा रहेको पाइयो ।

### ५.१.५ आर्थिक पक्ष

यस अध्ययन क्षेत्रमा जीविकोपार्जनको मुख्य स्रोत भनेकै कृषि कार्यमा सम्लग्न हुनु हो । दैनिक उपभोग्य वस्तुहरु जस्तैः धान, मकै, कोदो, गहुँ, भट्मास, आलु, सागसब्जी, तोरी, लसुन, प्याज लगाउने गर्दछन् । आर्थिक उपार्जनमा कृषि बाहेक व्यापार व्यावसाय, ज्यालादारी, मजदुर पेशामा लागेको वताउछन् । त्यस्तै गरेर व्यावसायिक रुपमा हेर्ने हो भने घरेलु उद्योगको रुपमा मानिदै आएको कामहरुमा बाँसको चोयाबाट नाङ्लो, डोको, भकारी, मान्द्रो, चाल्नी, नाम्लो, ढाकर आदि बुन्ने गरेको पाइयो ।

### ५.१.६ खाद्यान्नको पर्याप्तता

खाद्यान्न पेशा र रोजगारीमा सम्बन्धित हुन्छ । जस्तो कि परिवारको उत्पादन राम्रो छ भने खाद्यान्नको प्रयाप्तता राम्रो हुन्छ । अध्ययन क्षेत्रमा कृषिलाई मुख्य पेशा भए पनि खाद्यान्नको अपर्याप्तता भएकोले अन्य बैकल्पिक पेशामा संलग्न भएको पाइयो । जस्तै वैदेशिक रोजगार, ज्याला-मजदुरी, व्यापार, पालन-पोषण लाई आफ्नो आधार बनाउने गरेको पाइयो । अध्ययन क्षेत्रमा गरिएको अध्ययनले बहिरा बालबालिकाको परिवारमा आफ्नै उत्पादनले खान पुग्ने समयलाई तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**खाद्यान्नको पर्याप्तता**

| खान पुग्ने समय | बाह्मण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| ३ महिना सम्म | - | - | १ | १ | १२.८ |
| ३-६ महिना सम्म | १ | - | २ | ३ | ३७.५ |
| ६-९ महिना सम्म | - | १ | १ | २ | २५ |
| ९-१२ महिना सम्म | १ | १ | - | २ | २५ |
| १२ महिना सम्म | - | - | - | - | - |
| जम्मा | २ | २ | ४ | ८ | १०० |

*श्रोतः कार्यक्षेत्र अध्ययन २०६८*

तालिका नं. ५ अनुसार नमुना छनौट अन्तर्गत रहेका ८ घरपरिवार मध्ये ७ घरपरिवारलाई आफ्नो उत्पादनले वर्ष भरी खान नपुग्ने पाइयो । आफ्नो उत्पादनले ३ महिना सम्म खान पुग्ने १ घरपरिवार रहेका पाइयो । त्यस्तै ६ महिना सम्म खान पुग्ने ४ घरपरिवार रहेका पाइयो । त्यस्तै गरी आफ्नो उत्पादनले १२ महिना सम्म खान पुग्ने घरपरिवार १ रहेका पाइयो भने १२ महिना भन्दा बढी खान पुग्ने परिवार पाइएन । आफ्नो उत्पादनले वर्ष भरी पुग्ने र केही उत्पादित समान बेच्ने घरपरिवार भने कम घरपरिवार रहेका छन । यसका पछाडी विभिन्न कारणहरु रहेको पाइन्छ । अन्तर्वार्ताको क्रममा अमृता पौडेल यस्तो हुनुको कारणहरुमा उनीहरुको स्रोत र साधनमा पहुँच कम हुन, परम्परागत कृषि र पशुपालन गर्नु आदि रहेको बताए ।

## ५.२ अध्ययन गरिएको जनसंख्याको विशेषता

अध्ययन क्षेत्रमा अध्ययनको क्रममा संकलन गरिएको जनसंख्याको वयक्तिक विवरण यस प्रकार रहेको पाइयो ।

### ५.२.१ जातजातिको आधारमा परिवारको विवरण

नेपाल बहुजाति , बहुभाषी मुलक हो । नेपालमा पहिला देखिनै विभिन्न जातजातिहरु बसोबास गर्दै आएका छन । त्यसमा अध्ययन क्षेत्र भकुण्डे गा. वि. स. मा  रहेका र बहिरा बालबालिका ब्राहण, दलित र जनजाति रहेको पाइयो । यसलाई तालीका नं. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**जातजातिको विवरण**

| जात | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ब्राम्हण | ६ | ५ | ११ | २२.९१ |
| दलित | ९ | १३ | २२ | ४५.८४ |
| जनजाति | ८ | ७ | १५ | ३१.२५ |
| जम्मा | २३ | २५ | ४८ | १०० |

*श्रोत : कार्य क्षेत्र अध्ययन २०६८*

तालिका नं. ६ अनुसार अध्ययन क्षेत्रमा तीन किसिमका जातजाति पाइएका थिए । तुलनात्मक रुपमा दलित समुदाय धेरै अर्थात ४५.८४ प्रतिशत पाइयो भने ब्राम्ह्ण/क्षेत्री समुदाय र जनजाति २२.९१ र ३१.२५ प्रतिशत रहेको पाइयो ।

## ५.२.२ पेशाको आधारमा परिवारको विवरण

अध्ययन क्षेत्रका बहिरा बालबालिकाको परिवार सदस्यहरुले एउटा मात्र पेशामा निर्भर नभई विभिन्न पेशाहरु अपनाएको पाइयो । उनिहरुको मुख्य पेशा पशुपालन र कृषि पेशामा संलग्न रहेका छन । पशुपालनमा गाई, भैसी, बाखा, सुगुर, कुखुरा आदि मुख्य पाल्ने गर्दछ । दैनिक उपभोग र आफ्नो संस्कार आदिमा कुखुरा, सुंगुर, राँगाको प्रयोग गर्ने गर्दछ । साथै देवीदेवताको पूजाआजा गर्दा पनि कुखुरा, सुगुरको प्रयोग गर्ने गर्दछ । केही बजारमा लगी बेची धन आर्जन गरेको पाइन्छ भने कसैले दैनिक उपभोग्य सामानहरु किन्ने बताए । कोहि व्यक्ति घर बनाउने मिस्त्री, ठेक्का पट्टा गर्ने काम पनि गर्दछन् । कोहि व्यक्ति इन्डियन आर्मी, बृटिस आर्मीमा सम्लग्न रहेका छन् भने कोहि व्यक्ति विदेश गई आर्थिक उपार्जन गर्ने गरेको बताएको थियो । केहि महिला तथा पुरुष आर्थिक उपार्जनको लागि कृषि, मजदुर, ज्यालादारी, पेशामा लागेको पाइयो । केटा-केटीहरु स्कुल जाने र फुर्सदको समयमा घरायसी काममा सहयोग गर्ने गर्दछन । अध्ययन क्षेत्रका मानिसको पेशागत विवारण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**बहिरा बालबालिकाको परिवारका पेशागत विवरण**

| पेशा | बाम्ह्ण/क्षेत्री | | जनजाति | | दलित | | कुल प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| कृषि | २.९४% | ५.८९% | ८.८२% | ५.८९% | १.७६% | १४.७०% | ५० |
| पसल | २.९४% | - | २.९४% | - | - | - | ५.८८ |
| ज्यालादारी | - | - | २.९४% | ५.८९% | ८.८२% | ५.८९% | २३.५४ |
| ड्राइभर | - | - | २.९४% | - | - | - | २.९४ |
| शिक्षक | २.९४% | - | - | - | - | - | २.९४ |
| अन्य | २.९४% | २.९४% | - | २.९४% | - | ५.८९% | १४.७१ |

| जम्मा | ११.७६ | ८.८२ | १७.६४ | १४.७० | २०.५८ | २६.४७ | १०० |
|---|---|---|---|---|---|---|---|

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

तालिका नं ७ अनुसार अध्ययन क्षेत्रका मानिसको मूख्य पेशा सम्बन्धी विवरण अनुसार सबैले आफ्नो आधारभुत आवश्यकता परिपुर्ति गर्नका गर्नका लागि आ-आफ्नो खालको पेशा अपनाएको पाइयो । जसमध्ये जाति, वर्ग र लिङ्गका आधारमा हेर्दा पुरुषले मात्र काम गर्ने महिलाले केही नगर्ने भन्दा पनि सामुहिक रुपमा पेशा व्यावसाय अंगालेको पाइयो । सबैभन्दा बढी कृषि ५० प्रतिशत रहेको पाइयो जसमा महिलाको संख्या धेरै र पुरुषको संख्या थोरै रहेको थियो । त्यसै गरि ज्यालादारीमा २३.५३ प्रतिशत र अन्य विभिन्न काममा तुलनात्मक रुपमा कम प्रतिशत रहेको थियो । यसरी तालिका ५ अनुसार महिला भन्दा पुरुषहरु बाह्य काममा संलग्न रहेको देखिन्छ । यसको कारण उनीहरुको परम्परागत नियम महिलाहरु घरभित्र काम गर्नु पर्ने बाध्यता र बाहिर गाह्रो काम भएकोले गर्दा उनीहरु घरभित्र नै काम गरेको पाइयो ।

## ५.२.३ धर्मको आधारमा परिवारको विवरण

अध्ययन क्षेत्रमा विभिन्न धर्म, वर्ण र सम्प्रदायका जातका मानिसहरुको बसोबास पाइन्छ । उनीहरुको आफ्नै धर्म, नियम, चाडपर्व रहेको जसलाई हालसम्म पनि संरक्षण गर्दै आएको बताए । यस अध्ययन क्षेत्र भकुण्डे गा. वि. स. मा रहेका ८ बहिरा बालबालिकाहरुको परवारको धर्मको बारेमा जानकारी लिइएको थियो । जसलाई तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**धर्मको आधारमा परिवार सख्या विवरण**

| धर्म | वाम्ह्ण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | |
| हिन्दु | ६ | ५ | ३ | ४ | ५ | ६ | २९ | ६०.४१ |
| बौद्ध | - | - | ५ | ३ | - | - | ८ | १६.६६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कृश्चियन | - | - | - | - | ४ | ७ | ११ | २२.९३ |
| जम्मा | ६ | ५ | ८ | ७ | ९ | १५ | ४८ | १०० |

*श्रोत : कार्य क्षेत्र अध्ययन २०६८*

माथिको तालिका नं. ८ को धर्म सम्बन्धि प्राप्ति विवरण अनुसार विभिन्न धर्म मान्ने पाइयो जस मध्ये हिन्दु धर्म मान्नेको संख्या धेरै थियो जसको कारण अध्ययन गर्दा उक्त क्षेत्रमा हिन्दु धर्मको बाहुल्यता भएको कारण जुनसुकै जाति भएकाहरुले पनि प्रायः हिन्दु धर्म नै मान्ने गरेको र समयको क्रम सँगै धर्म परिवर्तन गर्दै जाति विशेष धर्म अंगाल्न थालेका छन । त्यस्तैगरी किराँत धर्म मान्नेको बाहुल्यता पनि बढी नै पाइएको थियो । समयको परिवर्तन सँगै हिन्दु धर्मलाई त्यागेर बौद्ध धर्मतिर प्रवेश गरेको र धर्म निरपेक्षता राष्ट्र भएकोले पनि धर्म परिवर्तन गर्न थप प्रेरणा मिलेको अध्ययनबाट पाइएको थियो ।

## ५.२.४ परिवारको शैक्षिक अवस्था

सभ्य समाजको विकास हुनुको लागि शिक्षाको महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा भनेको मानिसको जीवनलाई अन्धकारबाट उज्यालो तर्फ धकेल्ने एउटा साधन हो जसले मानिसलाई जिविकोपार्जनको लागि सहयोग पुऱ्याउदछ । शिक्षा बिना मानिसले कुनैपनि किसिमको प्रगति गर्न सक्दैन । शिक्षा नै मानिसको सार तत्व हो । जसमा पनि बहिरा बालबालिकाको शिक्षाको न्योती फैलाउनु अति नै आवश्यक हुन्छ । जबकी शिक्षाले अपाङ्ग तथा बहिरा बालबालिकालाई समस्या सँग जुध्न र अपाङ्गपनबाट हुने आत्मगलानी अन्त्य गर्न सहयोग पुऱ्याउछ । शिक्षाले सामाजिक कार्यमा प्रत्यक्ष असर पार्दछ । सीप, तालिम तथा समाजको बस्तुस्थितिको आंकलन गर्न पनि शिक्षाको भूमिका अति नै महत्वपूर्ण हुन्छ । कुनैपनि एउटा परिवारको अभिभाबक शिक्षित भएमा पुरै परिवार शिक्षित हुन्छ यसरी सबै परिवार शिक्षित भएमा समाज देखि राष्ट्र सम्म नै शिक्षाको लहर अघि बढ्छ । साक्षर निरक्षर दुवै अभिभाबकबाट अपाङ्गता भएका बालबालिकाको जन्म हुन सक्छ । प्रत्येक अभिभाबकले आफ्ना छोराछोरीलाई शिक्षादिक्षा दिन आफू पनि सवल हुनुपर्दछ । त्यसमा पनि अपाङ्गताका तथा बहिराका लागि उसको स्थिति हेरेर शिक्षा दिनुपर्ने हुन्छ । त्यसकारण यी सबै कुराका लागि बहिराकाको अभिभावक शिक्षित हुन आवश्यक हुन्छ । अध्ययन क्षेत्रका अभिभावकको शैक्षिक अवस्था हेर्दा दलित जातिको परिवारमा अन्य जातिको भन्दा कमजोर

रहेको पाइएको थियो । यसको कारण उनीहरुको आय स्रोत कम रहेकोले गर्दा दैनिक उपभोग्य बस्तु गास, बास, कपास जस्ता अनिवार्य आवश्यकता पुरा गर्न नपुग्ने र शिक्षाको क्षेत्रमा खर्च गर्न पैसाको अभाव भएको पाइयो । त्यसैले यस अध्ययनमा बहिरा बालबालिकाको अभिभावकको शैक्षिक विवरण लिइएको थियो । जसलाई तालिका नं. ९ मा दिइएको छ ।

**तालिका नं. ९**

**बहिरा बालबालिकाको अभिभावकको शैक्षिक विवरण**

| विवरण | बाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| निरक्षण | १ | - | २ | - | ३ | २ | ७ | १४.५८ |
| साक्षर | १ | १ | १ | २ | ४ | ३ | १३ | २७.१० |
| प्रथमिक शिक्षा | २ | - | ३ | १ | २ | १ | ९ | १८.७५ |
| निम्न शिक्षा | १ | २ | १ | २ | २ | ३ | ११ | २२.९१ |
| मा. वि. शिक्षा | - | १ | १ | १ | १ | १ | ५ | १०.४१ |
| उ.मा.वि. शिक्षा | - | २ | - | १ | - | - | ३ | ६.२५ |
| स्नातक | - | - | - | - | - | - | - | - |
| स्नातकोत्तर | - | - | - | - | - | - | - | - |
| जम्मा | ५ | ६ | ८ | ७ | १२ | १० | ४८ | १०० |

*श्रोत : कार्य क्षेत्र अध्ययन, २०६८*

तालिका नं. ९ अनुसार बहिरा बालबालिकाको शैक्षिक स्थितिको बारेमा जातिगत आधारमा हेर्दा ब्राह्मण/क्षेत्री र जनजातिहरुमा उच्च मा.वि. तह सम्मको शैक्षिक योग्यता भएको पाइयो । यस्तै गरी दलित समुदायका व्यक्तिहरुमा शिक्षाको स्तर मा.वि तह सम्म रहेको पाइयो । शैक्षिक योग्यता अपाङ्ग एवं बहिरा हुने कुरामा विशेष सम्बन्ध नभएता पनि शैक्षिक स्तरले गर्दा बहिरा बालबालिका प्रति सकारात्मक सोंच राख्ने र उनीहरुलाई सवल, सक्षम बनाउनको लागि विद्यालयमा अध्ययनको लागि पठाउने गरेको पाइयो । जस्तै शिक्षित परिवारमा रहेको बहिरा बालबालिका सानै उमेरमा स्कुल गएको पाइयो भने उनीहरु प्रति गरिने व्यवहार पनि सकरात्मक पाइयो ।

# अध्याय छ

## परिवारको आर्थिक तथा सामाजिक अवस्थाले सोंच विचारमा पारेको प्रभाव

प्रस्तुत यस अध्यायमा अध्ययन क्षेत्रका बहिरा बालबालिकाको पारिवारको आर्थिक तथा सामाजिक अवस्थाले उनीहरुलाई हेर्न परिवारको विचारमा कस्तो प्रभाव पारेको छ । यस बारेमा संकलन गरिएको विवरण देखाइएको छ ।

### ६.१ आर्थिक अवस्था र विचारको विविधता

अध्ययन क्षेत्रमा रहेका घर परिवारको आर्थिक अवस्था फरक फरक पाइयो । सामान्यतया नेपालीहरुको आर्थिक स्तरको माप दण्ड अनुसार अध्ययन क्षेत्रका परिवारको आर्थिक स्थिति मध्यम र न्यून स्तरको रहेको पाइयो । अध्ययनको क्रममा आर्थिक अवस्था अनुसार परिवारको बहिरा बालबालिकालाई हेर्ने दृष्टिकोण एवं सोच पनि फरक फरक रहेको पाइयो । जस्तै आर्थिक हिसाबले सवल परिवारले बहिरा बालबालिकालाई समय बढि दिने, उपचारमा ध्यान दिने, उनीहरुलाई पढाउन, सीप सिकाउन, आत्मनिर्भर बनाउन आफै लागि पर्ने देखियो भने आर्थिक हिसावले कमजोर परिवारले बहिरा बालबालिकालाई माया गर्ने, स्याहार सुसार गर्ने गरेता पनि आफुले चाहे जस्तो बहिरा बालबालिकाको लागि कुनै काम गर्न चाहेर पनि गर्न नसकेको पाइयो त्यसैगरी उनीहरुको बहिरा बालबालिका प्रतिको सोंचमा पनि विविधता पाइयो जसलाई तल उल्लेख गरिएको छ ।

### ६.१.१ पशुपालनको अवस्थाले विचारमा पारेको प्रभाव

अध्ययन क्षेत्रमा पशुपालन आर्थिक पक्षको एक महत्वपूर्ण पाटो रहेको पाइयो । घिउ, दुध, मासु, मल, रितीरिवाजको लागि पशुपालन अनिवार्य रहेको पाइयो । यस अर्थमा बढि पशुपालन गर्ने व्यक्ति वा परिवारलाई धनि मान्ने गरिएको कुरा अध्ययनको क्रममा पाइयो त्यसगरी बढि पशुपालन र कम पशुपालन गर्ने वा पशुपालन बाट धेरै आर्थिकोपार्जन गर्ने र कम आर्थिकोपार्जन गर्ने परिवारको आफ्ना बहिरा बालबालिकालाई हेर्ने दृष्टिकोण केहि विषयमा समान रहेको पाइयो भने केहि विषयमा फरक फरक पाइयो । अध्ययन क्षेत्रमा पशुपालनबाट बढि आम्दानी गर्ने परिवार (ब्राम्ह्ण/क्षेत्री, जनजाति) ले बहिरा बालबालिका शिक्षित बन्न सक्ने विश्वासका साथ आफ्ना बालबालिकालाई स्कुल पठाउने तथा शैक्षिक

वातावरण मिलाउने विचार राखेको पाइयो । त्यसै गरी पशुपालनलाई पेशाको रुपमा अपनाएका परिवारले आफ्ना बालिबालिकाले पशुपालनमा पनि सहयोग गर्ने गरेको र बहिरा भए पनि गाईवस्तुको हेरचाह गर्न सक्ने एवं भविष्यमा पशुपालन पनि उनीहरुको वैकल्पिक पेशा हुन सक्ने सोचेको बताए । तुलनात्मक रुपमा पशुपालनबाट कम आम्दानी गर्ने परिवार (जनजाति,दलित) ले बहिरा बालबालिकामा सीप सिक्न सक्ने बताए । यसै गरी उनीहरुले संचारको प्रतिकुलताको बावजुद पशुपालनमा सहयोग गर्न सक्ने बताए ।

### ६.१.२ जग्गाको वितरणले विचारमा पारेको प्रभाव

अध्ययन क्षेत्र पहाडी क्षेत्र भएको कारण सबैसँग केहि न केहि कम्तिमा १ रोपनी देखी ५ रोपनी र बढिमा १५ रोपनी देखी २० रोपनी सम्म जग्गा जमिन रहेको पाइयो । जग्गाको प्रयोग प्रायः मानिस बस्नको लागि घर र गाइवस्तुको लागि गोठ निर्माण गर्न र खेतिपातिको लागि भएको पाइयो । जग्गा जमिन धेरै भएको परिवार जग्गा जमिन थोरै हुने परिवार दुवैले आफ्ना बहिरा बालबालिकाको बारेमा सकरात्मक सोचाइ रहेको पाइयो जस्तैः आफ्ना बहिरा बालबालिका परिवारको बोझ तथा पापको परिणाम होइनन । उनीहरु पनि सामान्य मानिसले जस्तै काम गर्न सक्छन भन्ने सोचाइ राखेको पाइयो । जग्गा जमिन धेरै हुने परिवारले बहिरा बालबालिकाले सोही जग्गामा कृषि तथा पशुपालन जस्ता कार्य गरेर आफ्नो दैनिक जीवन यापन गर्न सक्छन भन्ने सोचाइ राखेको पाइयो ।

### ६.१.३ खाद्यान्नको पर्याप्तताले विचारमा पारेको प्रभाव

अध्ययन क्षेत्रमा अध्ययन गरिएका घरपरिवारको खाद्यान्न पर्याप्तता फरक फरक रहेको पाइयो । यहाँको जनजीवनमा खाद्यान्नताले विशेष महत्व राखेको पाइयो जस्तैः खाद्यान्न पर्याप्तता हुने परिवारले कसरी विहान बेलुका के खाने भन्ने समस्या बाट माथि उठेर सृजनात्मक कृयाकलापमा, सुखि जीवन यापनमा ध्यान दिने गरेको पाइयो साथै उनीहरुले आफ्ना बहिरा बालबालिको वर्तमान र भविष्य कसरी सहज बनाउन सकिन्छ यस विषयमा पनि ध्यान दिने गरेको पाइयो । अध्ययनको क्रममा बहिरा विद्यार्थी सागर पौडेलका अभिभाबक अमृता पौडेलले आफ्नो परिवारमा नौ महिना खान पुग्ने बताए उनका अनुसार बहिरा बालबालिकालाई सरकारी विद्यालयमा पढ्ने अवसर पाएकोले धेरै आर्थिक भार नपर्ने मासिक रु ५००।- भए पुग्ने बताए । उनका अनुसार बहिरा बालबालिकालाई समय समयमा

जमघटमा लग्ने तर अझै पनि साथी भाई तथा आफन्तजनबाट हेला हुने बताए । उनका अनुसार आफुले खाद्यान्नको समस्या झेलिरहनु नपर्ने भएकोले बहिरा बालबालिकाको जीवन यापनको बारेमा सोच्ने गरेको र उनीहरु स्कुल जान थाले पनि पढ्न सक्ने रहेछ र केहि गर्न सक्ने रहेछ भन्ने थाहा भएको बताए । त्यसै गरी बहिरा बालिका अनिता कुमारी बुढाथोकी का अविभाक रेशम बहादुर बुढाको अनुसार खाद्यान्नका लागी आफ्नो उत्पादनले नपुगेर गाउँमा अरुकोमा ज्यालामा काम गर्ने गरेको बताए उनले चाहिने जति समय दिन नसकेको र उपचारमा पनि ध्यान दिन नसकेको बताए । रेशम बहादुरले आफुले आफ्नो बहिरा बालबालिकालाई हेला नगर्ने र उनीहरुलाई शिक्षित बनाउन चाहेको बताए । अध्ययनको क्रममा आफ्ना बहिरा बालबालिकालाई दिने समयमा खाद्यान्नको पर्याप्तताले पनि फरक पारेको पाइयो । खाद्यान्नको लागि ज्यालादारी तथा मजदुरी गर्नुपर्ने परिवारले चाहेर पनि कम समय दिने गरेको पाइयो भने खाद्यान्नको अभाव नहुने परिवारले तुलनात्मक रुपमा धेरै समय दिने गरेको पाइयो । यद्यपी बहिरा बालबालिका प्रतिको सोचमा खाद्यान्नको अवस्थाले त्यति धेरै फरक पारेको पाइएन ।

पारिवारको आर्थिक अवस्थाले उनीहरुको बहिरा बालबालिका प्रतिको सोंच तथा विचारमा पारेको प्रभावलाई समग्र रुपमा तलको तालिकाद्वारा प्रष्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका नं. १०**

**समग्र आर्थिक अवस्थाले परिवारको सोंचमा पारेको प्रभावको विवरण**

| सोंच एवं विचार | ९-१२ महिना खान पुग्ने, ११-२० रोपनी जग्गा भएको र पशुपालनबाट आम्दामी गर्ने परिवार | ६-९ महिना खान पुग्ने, ५-१० रोपनी जग्गा भएको र पशुपालनबाट केहि आम्दामी गर्ने परिवार | १-५ महिना खान पुग्ने, १-४ रोपनी जग्गा भएको र पशुपालनबाट थोरै आम्दामी गर्ने परिवार | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| शिक्षित बन्न सक्ने | १ | १ | - | २ | २५ |
| सीप सिक्न सक्ने | - | १ | १ | २ | २५ |
| केहि काम गर्न नसक्ने | - | - | - | - | - |
| पसल गर्न सक्ने | - | - | - | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ज्याला मजदुरी गर्न सक्ने | - | - | १ | १ | १२.५ |
| संघ संस्थामा आश्रित रहनु पर्ने | - | - | १ | १ | १२.५ |
| परिवारको बोझ | - | - | - | - | - |
| कृषि पेशा गर्न सक्ने | - | - | १ | १ | १२.५ |
| पशुपालन गर्न सक्ने | १ | - | - | १ | १२.५ |
| जम्मा | २ | २ | ४ | ८ | १०० |

*श्रोत : कार्य क्षेत्र अध्ययन, २०६८*

तालिका नं. १० मा अर्थिक अवस्थामा संलग्न कुराहरुले विचारमा विविधता ल्याउने कुरा देखाएको छ । प्रायः सबै परिवारले आफ्ना बहिरा बालबालिका प्रति सकरात्मक सोंच राखेको पाइयो त्यसैगरी प्रस्तुत तालिका अनुसार परिवारको पृष्ठभुमि अनुसार आफ्ना बहिरा बालबालिका पनि सोहि वातावरणमा घुलमिल हुनसक्ने विश्वास लिएको पाइयो ।

## ६.२ सामाजिक अवस्था र विचारको विविधता

यस अध्ययमा बहिरा बालबालिकाको स्वभाव, बहिरा बालबालिकाको पारिवारीको सामाजिक अवस्थाले गर्दा उनीहरुलाई हेर्ने अभिभावकको दृष्टिकोणमा पारेको प्रभाव, शिक्षाको को कारण बहिरा बालबालिकामा आएको परिवर्तन को बारेमा अध्ययन गरिएको छ ।

### ६.२.१ अभिभावकको चेतनाले विचारमा पारेको प्रभाव

अभिभावकले आफ्नो परिवारका सदस्यहरुको बारेमा सोच्नु स्वभाविकै हो त्यसमा पनि आफ्ना बालकालिका केहि गर्न अक्षम र अस्वस्थ छन भने झनै चिन्ताको विषय नै हुन्छ । यस्ता बहिरा भएकाहरुको जीवन अवधि भर अभिभावक आफूले संरक्षण गरिरहन नसक्ने हुनाले गर्दा अभिभावकले उनीहरुको भविष्य कसरी व्यवस्थित गर्न सकिन्छ भनेर सोचिरहेका हुन्छन । यस प्रकारको सोच परिवारको चेतना एवं जानकारी अनुसार फरक-फरक रहेको हुन्छ जस्तैः बहिरा बालबालिकालाई शिक्षत

बनाउने, व्यवसायिक तालिम दिएर आफ्नो खुट्टामा आफै उभिने, तालिम केन्द्रमा राख्ने, संघ संस्था वा सरकारले केहि गरिदिन्छ कि भन्ने र । अध्ययन क्षेत्रका बहिरा बालबालिकाको अभिभावकको सोंच पनि फरक फरक पाइयो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११**

**अभिभावकको बहिरा बालबालिकाको भविष्य प्रतिको अवधारणा**

| विवरण | ब्राम्ह्ण/क्षेत्री | जनजाति | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| शिक्षित बनाउने | १ | १ | - | २ | २५ |
| व्यवसायिक तालिम दिने | १ | १ | २ | ४ | ५० |
| संघ संस्थामा राख्ने | - | - | १ | १ | १२.५ |
| सरकारको आस गर्ने | - | - | १ | १ | १२.५ |
| जम्मा | २ | २ | ४ | ८ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

तलिका १० का आधारमा आफ्ना बहिरा बालबालिकालाई शिक्षित बनाउनु पर्दछ यदि शिक्षित भयो भने केहि गर्न सक्छ र भविष्यमा आत्मनिर्भर हुन्छ भन्ने सोच राख्ने अभिभाबक हरुमा ब्राह्मण/क्षेत्री र जनजाति का एक एक जना गरी जम्मा संख्याको २५ प्रतिशत रहेको पाइयो । त्यस्तै व्यवसायिक तालिम दिने सोच राख्ने अभिभाबक हरुमा ब्राह्मण/क्षेत्री र जनजाति बाट एक एक गरी २ र दलित बाट २ अभिभाबक गरी जम्मा ४ अभिभाबक रहेको पाइयो । संघ सस्थामा राख्ने र सरकारको आश गर्ने सोंच राख्ने अभिभाबक २ जना पाइयो । यसरी अध्ययन क्षेत्रका अभिभावकको अवधारणा हेर्दा उनीहरुको सोंच एवं अवधरण पारिवारको अवस्थामा आधारीत रहेको पाइयो । ब्राह्मण/क्षेत्री र जनजातिको आर्थिक तथा शैक्षिक अवस्था तुलनात्मक रुपमा राम्रो रहेको हुनाले जसरी हुन्छ आफ्ना बहिरा बालकालिकालाई उचित शिक्षा एवं तालिमको व्यवस्था गरी आत्मनिर्भर तथा सक्षम बनाउन लागि परेको पाइयो भने दलित परिवारका अभिभाबकले संघ संस्था र सरकारको पनि आश गरेको पाइयो ।

## ६.२.२ जातिय अवस्थाले उनीहरुको विचारमा पारेको प्रभाव

बहिरा बालबालिकाहरु बहिरा विद्यालयको अभावले गर्दा सामान्य बालबालिकाको तुलनामा ढिलो वा बढि उमेरमा विद्यालयमा भर्ना भएका हुन्छन । अहिलेको अवस्थामा विभिन्न संघ संस्था, बहिरा विद्यालय र सरकारका निकायहरु बहिरा बालबालिकालाई शिक्षाको पहुँच सम्म पुऱ्याउन लागि परिरहेका छन तर पनि बहिरा बालबालिका विद्यालय जाने उमेर उनीहरुको पारिवारिक अवस्थामा पनि निर्भर रहेको पाइन्छ । अध्ययन क्षेत्रका बालबालिकाको विद्यालय भर्ना हुँदाको उमेर विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

**बहिरा बालबालिका स्कुल भर्ना हुदाको उमेरगत विवरण**

| उमेर समुह | बाह्मण/क्षेत्री | जनजाति | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ०-५ | १ | | - | २ | २५ |
| ६-१० | १ | २ | २ | ४ | ५० |
| ११-१५ | - | - | २ | २ | २५ |
| जम्मा | २ | २ | ४ | ८ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

तालिका नं. १२ का अनुसार सवैभन्दा धेरै ६-१० उमेर समुहमा स्कुल भर्ना भएका बालबालिकाको धेरै संख्या रहेको पाइयो जुन ४ अर्थात कुल प्रतिशतको ५० रहेको पाइयो । त्यसैगरी ०-५ र ११-१५ उमेर समुहमा समान २/२ अर्थात २५/२५ प्रतिशत रहेको पाइयो । कम उमेरमा भर्ना हुने बहिरा बालबालिका ब्राम्ह्ण/क्षेत्री परिवारका पाइयो यस्तो हुनुमा पारिवारमा बहिरा बालबालिकालाई पनि शिक्षित बनाउनु पर्दछ र उनीहरुपनि आफै आफ्नो जिविकोपार्जन गर्न सक्षम हुन सक्छन भन्ने मान्यता रहेको पाइयो । त्यसैगरी जनजाति र दलित समुदायमा चेतनाको कमि, कमजोर आर्थिक र शैक्षिक अवस्थाको कारण आफ्ना बहिरा बालबालिकालाई ढिलो स्कुल पठाउने गरेको पाइयो ।

## ६.२.३ शिक्षाको कारण बहिरा बालबालिकाहरुको अभिभावक र समाजको विचारमा आएको परिवर्तन

प्रस्तुत अध्ययनमा बहिरा बालबालिकाहरु बहिरा विद्यालयमा आएपछि उनीहरुको दैनिक जीवनमा आएको क्रमिक परिवर्तन, व्यावहारमा आएको सुधार, सिकेका कुराहरु फलस्वरुप बहिरा बालबालिकालाई उनीहरुको अभिभावक र समाजले हेर्ने दृष्टिकोणमा आएको परिवर्तनको बारेमा अध्ययन गरिएको छ । जव बहिरा बालबालिका विद्यालयमा अएर लेखपढ गर्न थाले उनीहरुको व्यवहारमा परिवर्तन हुन थाल्यो जस्तै : नरिसाउने, अरुसँग घुलमिल हुने, जिद्धि नगर्ने, सरसफाइमा ध्यान दिने थालेको पाइयो ।

धौलागिरी बहिरा विद्यालयका प्रधानअध्यापक बसन्तजंग राजभण्डारीका अनुसार बहिरा बालबालिका विद्यालयमा आउन थालेपछि उनीहरुमा पढ्नुपर्छ, पढेपछि राम्रो, ठूलो हुनुपाइन्छ भन्ने मनस्थिति राख्ने गरेका छन् । सबैजनासँग मिलेर पढ्ने खेल्ने बानी परिवर्तन भएको देखा परेको छ । किनभने घरमा आफू एकल भएर बस्ने अरुसँग रिसाउने बानी भएको कारणले र केही आवाज सुन्न नसकेर थाहा नपाउने गरी बस्ने आदिको अहिले त्यो स्थिति आएको छैन । शिक्षाले राम्रो परिवर्तन गराउदै आएको छ । बहिरा बालबालिकाहरुको मूख्य बानीहरु बिस्तारै बिस्तारै परिवर्तन हुदै आएको छ ।

बहिरा बालबालिकाको आचरण, व्यावहार, दैनकि क्रियाकलापमा आएको परिवर्तनको कारण उनीहरुको परिवार र समाजको सोचाइमा पनि परिवर्तन भएको पाइयो । बहिरा बालबालिकाले सरसफाइमा ध्यान दिएको देखे पछि अभिभावकले बहिराहरु पनि सरसफाई भएर बस्न सक्दो रहेछन भन्ने सोच्न थाले । त्यस्तै अनुशासित भएर बहिरा बालबालिकाहरुले परिवार र समाज सँग घुलमिल हुन सिके पछि समाजले पनि उनीहरुलाई मायालु व्यावहार गर्दै आएको पाइयो । त्यसै गरि विद्यालयमा सिकेको सांकेतिक भाषाले गर्दा परिवार र समाजसँग संवाद गर्न सजिलो भयो यसले पनि समाज र बहिरा बालबालिका एक अर्कालाई नजिक ल्याउने काम भएको पाइयो । बोल्न र सुन्न नसक्ने बालबालिकाहरु विद्यालय जान थालेपनि समाजमा आफ्ना कुरा राख्ने, राम्रो नराम्रो छुट्याउने, राम्रो लाई आत्मसाथ र नराम्रोलाई छोड्ने गर्न थाले जसको कारण घरपरिवार र समाजमा बहिराहरु पनि ज्ञानी हुदा रहेछन भन्ने सोंचको विकास भयो । बहिराले पनि पढ्न सक्ने, लेख्न गर्न सक्ने, सीप मुलक कार्य सिक्न सक्ने हुँदा उनीहरु पनि समाजको बोझ नभइ अरु सामान्य मानिस सरह बाँच्न सक्छन भन्ने सोंच समाजले राख्न थालेको पाइयो । जसले गर्दा बहिरालाई हेयको दृष्टिले हेर्ने, जिस्काउने, हेला गर्ने जस्ता कार्य छोड्दै आएको

पाइयो । जसलाई तालिकाको माध्ययमबाट प्रष्ट पारिएको छ । धवलागिरी विद्यालयका होस्टेल इन्चार्ज मिना बस्नेतको अनुभवमा शिक्षाको कारण समाजले बहिरा बालबालिकालाई अहिले सकारात्मक दृष्टिकोणबाट हेर्न थालेका छन । बहिरा बालबालिका पनि सुन्ने बोल्ने को जस्तो व्यावहार गर्न सक्छन भन्ने धारणा बस्दै गएको छ ।

**तालिका नं. १३**

**बहिरा बालबालिकालाई परिवार र समाजले हेर्ने दृष्टिकोण**

| व्यवहारको विवरण | बाह्मण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| राम्रो (माया गर्ने) | १ | १ | २ | ४ | ५० |
| हेला | १ | १ | १ | ३ | ३७.५ |
| जिस्काउने | - | - | १ | १ | १२.५ |
| समाजको बोझ ठान्ने | - | - | - | - | - |
| जम्मा | २ | २ | ४ | ८ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

अध्ययन क्षेत्रमा नमुना छनौटको रुपमा लिइएका बालबालिकाको आधारमा लिइएको जानकारी अनुसार उनीहरुलाइ माया गरेमा, राम्रो व्यवहार गरेमा उनीहरुमा नैरश्यता नहुने, समाजमा घुलमिल हुन चाहने बहिरा बालबालिकालाई हेप्ने, जिस्काउने, हेला गर्ने जस्ता दुर्व्यवहार गरेमा उनीहरुमा निराशा बढ्ने साथै समाजप्रति घृणा जागेको पाइयो । विद्यालय शिक्षा पछि उनीहरुलाई हेर्ने समाजको दृष्टिकोणमा पनि परिवर्तन आउदै गयो । तालिका मा बहिरा बालबालिकालाई ५० प्रतिशतले राम्रो दृष्टिले हेरेको पाइयो ने हेला को दृष्टिले हेर्ने र जिस्काउने मा क्रमशः ३७.५ र १२.५ प्रतिशत रहेको पाइयो । समाजमा बढ्दै गएको चेतना र सकारात्मक सोचाइको कारण बहिरा बालबालिका प्रतिको सोचाइमा क्रमशः सकारात्मक परिवर्तन हुदै गएको पाइयो ।

# अध्याय ७

# सारांश, प्राप्ती र निष्कर्ष

## ७.१. सारांश

यस शोधपत्रलाई ७ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययन परिचय जस्तै : अध्ययनको पृष्ठभूमि, समस्याको कथन, उदेश्य अध्ययनको महत्व तथा सैद्धान्तिक अवधारणा समेटिएको छ । त्यसैगरी अध्याय २ मा साहित्य समिक्षा, शारिरीक अपाङ्गता एवं बहिरा सम्बन्धी परिभाषा, विश्व र नेपालको सन्दर्भमा अपाङ्ग एवं बहिराहरुको विवरण, बहिराहरुको लागि भएको गतिविधिहरु समेटिएकोछ । अध्याय ३ मा अनुसन्धान विधि रहेको छ । जसमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धानको ढाँचा, समग्रता र नमुना छनौट विधि र तथ्याङ्क संकलनका विधिहरु, तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण र अध्ययनका सीमा समावेश गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको सामान्य परिचय, अध्ययन क्षेत्रको सामाजिक संरचना, बहिरा बालबालिकाको अवस्था समावेश गरिएको छ । अध्याय पाँचमा पारिवारिक र आर्थिक अवस्था जस अर्न्तगत अध्ययन गरिएको घरधूरीको अवस्था (पशुपालन, जग्गाको वितरण, पारिवारिक संरचना, आर्थिक पक्ष, खाद्यान्नको पर्याप्तता) र अध्ययन गरिएको जनसंख्याको विशेषता (जातजातिको आधारमा पेशा र धर्मको आधारमा) देखाईएको छ । अध्याय ६ मा आर्थिक अवस्था र विचारको विविधता त्यस अन्तर्गत पशुपालनको अवस्थाले विचारमा पारेको प्रभाव, जग्गाको वितरणले विचारमा पारेको प्रभाव, खाद्यान्नको पर्याप्तताले विचारमा पारेको प्रभाव, सामाजिक अवस्था र विचारको विविधता अर्न्तगत अभिभावकको चेतनाले विचारमा पारेको प्रभाव, जातिय अवस्थाले उनीहरुको विचारमा पारेका प्रभाव, शिक्षाको कारण बहिरा बालबालिकाहरुको अभिभावक र समाजको विचारमा आएको परिवर्तनलाई देखाईएको छ । र अध्याय ७ मा सारांश, बहिरा बालबालिकाको अध्ययनबाट आएका मुख्य प्राप्ति र निष्कर्ष रहेको छ ।

कुनै पनि आवाज सुन्न नसक्ने बालबालिकाहरुलाई बहिरा बालबालिका भनिन्छ । उनीहरु पनि समाजका अंग हुन् । यद्यपि बहिरा बालबालिकाहरुलाई हेर्ने दृष्टिकोण अरु सामान्य बालबालिकाहरुलाई हेर्ने दृष्टिकोण भन्दा फरक पाईन्छ । समाजमा बहिरा बालबालिकाहरु प्रतिको सोंच विचारको बारेमा अध्ययन गर्न र उक्त सोंच विचारलाई

परिवारको आर्थिक र सामाजिक अवस्थाले पारेको प्रभावबारे अध्ययन अनुसन्धान गर्नको लागि अध्ययनमा समेटिएका व्यक्तिहरुको परिवारको पारिवारिक अवस्था, आर्थिक, सामाजिक र शैक्षिक अवस्थाको विवरण संकलन गरी व्याख्या एवं विश्लेषण गरिएको छ । त्यसैगरी फरक - फरक पारिवारिक पृष्ठभूमि भएका परिवारले बहिरा बालबालिकाहरुको बारेमा गरेको सोंच विचारलाई समेटिएको छ ।

प्रस्तुत अनुसन्धान "बहिरा बालबालिकाहरुको परिवारको सामाजिक तथा आर्थिक अवस्था र सामाजिक तथा आर्थिक अवस्थाले अभिभावकको सोंच तथा विचारमा पार्ने प्रभाव" मा बहिरा बालबालिकाहरुको परिवारको आर्थिक तथा सामाजिक अवस्था र त्यसले सोंच विचारमा पारेको प्रभावको बारेमा व्याख्या विश्लेषण गरिएको छ । अध्ययनको सरलताको लागि धौलागिरी बहिरा विद्यालय, बागलुङमा अध्ययनरत बागलुङ भकुण्डे गा. वि. स. का बहिरा बालबालिकालाई अध्ययन क्षेत्रको केन्द्र मानिएको छ ।

यस अनुसन्धानको उद्देश्य धौलागिरी बहिरा विद्यालयमा अध्ययनरत भकुण्डे गा. वि. स. का बहिरा बालबालिकाहरुको पारिवारिक, आर्थिक र सामाजिक अवस्थाको जानकारी लिने र उक्त परिवारको पारिवारिक, आर्थिक र सामाजिक अवस्थाले गर्दा परिवारको बहिरा बालबालिकाहरु प्रतिको सोंचमा पारेको प्रभावको बारेमा व्याख्या विश्लेषण गर्नु रहेको छ ।

यस अध्ययनको क्रममा विभिन्न अनुन्धान विधिको प्रयोग गरिएको छ । त्यस मध्ये मुलत : वर्णनात्मक र विश्लेषणात्मक पद्दति अवलम्बन गरिएको छ । अनुसन्धान क्रममा नमुना छनौट विधि अर्न्तगत ८ घरधुरी सर्वेक्षण गरी पारिवारिक विवरण संकलन गरिएको थियो । त्यसैगरी प्राथमिक र द्धितिय श्रोतबाट तथ्याङ्क संकलन गरिएको थियो । जस अर्न्तगत अर्न्तवार्ता, अवलोकन, प्रश्नावली माध्यमहरु अपनाईएको थियो । यस अध्ययनको क्रममा संकलित तथ्याङ्कलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरिएको थियो ।

नमुना छनौटमा लिएका ८ घरका सदस्य संख्या ४८ जना रहेको थियो भने एउटा घरमा कम्तीमा ३ जना र बढीमा ८ जना सम्म सदस्य रहेको पाइयो । त्यस्तै ३७.५ प्रतिशत उत्तरदाताको एकल परिवार र ६२.५ प्रतिशतको संयुक्त परिवार रहेको छ । त्यसैगरी कूल संख्या मध्ये १२ जना बहिरा रहेका छन् । अध्ययन क्षेत्रका बहिरा बालबालिकाहरुको जातजातिलाई हेर्दा ब्राम्हण, दलित र जनजाति रहेका थिए जसमध्ये

दलित समुदाय ४५.८४ प्रतिशत, ब्राम्हण क्षेत्री २२.९१ प्रतिशत, जनजाति ३१.२५ प्रतिशत रहेको पाइयो ।

अध्ययन क्षेत्रका बहिरा बालबालिकाहरुका परिवारको पशुपालनको अवस्थालाई हेर्दा पशुपालनलाई आर्थिक पक्षको अभिन्न अंगको रुपमा लिएको पाइयो । पशुपालनमा गाई, भैंसी, बाख्रा, गोरु, कुखुरा, सुंगुर आदि पाल्ने बताए । सबै भन्दा बढी कुखुरा संख्या ३८.७४ प्रतिशत रहेको पाइयो । त्यसैगरी बाख्राको संख्या २५.२२ प्रतिशत र भैंसीको संख्या १३.५१ प्रतिशत रहेको पाइयो । तुलनात्मक रुपमा गाई र सुंगुर पालन कम गर्ने गरेको पाइयो । त्यसैगरी यस अध्ययन क्षेत्रका मानिसहरुको मुख्यतया कृषि पेशामा आश्रित रहेको पाइयो । तसर्थ उनीहरुको आर्थिक हैसियतको निर्धारण उनीहरुसंग रहेको जमिनको स्वामित्वमा निर्भर रहन्छ । अध्ययन क्षेत्रका ४ घरपरिवार ५ रोपनी देखि १० रोपनी सम्म जग्गा रहेको पाइयो । त्यसैगरी १० रोपनी देखि १५ रोपनी जग्गा हुने र १ रोपनी देखि ५ रोपनी जग्गा हुने घरपरिवार समान २/२ घरपरिवार रहेका छन् । यसका साथै उनीहरु खेतीबाट भन्दा अन्य पेशा, व्यापार व्यवसाय, ज्याला मजदुरीबाट नै राम्रो आम्दानी हुने तथा खेती गर्न झन्झटिलो रुपमा लिने गरेका छन् ।

खाद्यान्न पेशा र रोजगारीमा सम्बन्धित हुन्छ जस्तो कि परिवारको उत्पादन राम्रो छ भने खाद्यान्नको पर्याप्तता राम्रो हुन्छ । अध्ययन क्षेत्रमा कृषिलाई मुख्य पेशा मानिए पनि खाद्यान्नको अपर्याप्तता भएकोले अन्य वैकल्पिक पेशामा संलग्न भएको पाइयो । नमुना छनौट अर्न्तगत रहेका ८ घरपरिवार मध्ये ७ घरपरिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने पाइयो । आफ्नो उत्पादनले ३ महिना सम्म खान पुग्ने १ घरपरिवार पाइयो । त्यसैगरी ६ महिना सम्म खान पुग्ने ४ घरपरिवार रहेको पाइयो । त्यसै गरी आफ्नो उत्पादनले खान पुग्ने १ घरपरिवार रहेको पाइयो भने १२ महिना भन्दा बढी खान पुग्ने परिवार पाईएन ।

बौद्धिक विकासका लागि शिक्षा अति आवश्यक भए जस्तै आर्थिक सवलता र सक्षमताका लागि पेशा महत्वपूर्ण हुन्छ । यस अध्ययन अनुसार बहिरा बालबालिकाहरुको परिवारका सदस्यहरुले एउटा मात्र पेशामा निर्भर नभई विभिन्न पेशाहरु अपनाएको पाइयो । त्यहाँका प्राय पेशा पशुपालन र कृषि व्यवसाय हो । सबैभन्दा बढी कृषि ५० प्रतिशत रहेको पाइयो । जसमा महिलाका संख्या धेरै र पुरुषको संख्या थोरै रहेको थियो । त्यसैगरी ज्यालादारीमा २३.५३ प्रतिशत र अन्य विभिन्न काममा तुलनात्मक रुपमा कम प्रतिशत

रहेको थियो । धर्मको आधारमा विभिन्न धर्म, वर्ण र सम्प्रदायका जातका मानिसहरुको बसोबास भएको पाईन्छ । उनीहरुको आफ्नै धर्म, नियम, चाडपर्व रहेको जसलाई हालसम्म पनि संरक्षण गर्दै आएको बताए । उक्त क्षेत्रमा हिन्दु धर्मको बाहुल्यता भएको कारण जुनसुकै जाति भएकाहरुले पनि प्राय : हिन्दु धर्म नै मान्ने गरेको पाईयो ।

मनिसको सर्वाङ्गिण विकासका लागि शिक्षा नभई नहुने कुरा हो समाजको विकासको लागि शिक्षा अति नै आवश्यक हुन्छ । अध्ययन क्षेत्रमा ब्राम्हण/क्षेत्री र जनजातिहरुमा उच्च मा.वि. तह सम्मको शैक्षिक योग्यता भएको पाईयो । यस्तै गरी दलित समुदायका व्यक्तिहरुमा शिक्षाको स्तर मा. वि. तह सम्म रहेको पाईयो । शैक्षिक योग्यता अपाङ्ग एवं बहिरा हुने कुरामा विशेष सम्बन्ध नभएता पनि शैक्षिक स्तरले गर्दा बहिरा बालबालिका प्रति सकारात्मक सोंच राख्ने र उनीहरुलाई सवल, सक्षम बनाउनका लागि विद्यालयमा अध्ययनको लागि पठाउने गरेको पाईयो ।

त्यस्तै आर्थिक अवस्था अनुसार परिवारको बहिरा बालबालिकालाई हेर्ने दृष्टिकोण एवं सोंच पनि फरक - फरक रहेको पाइयो । जस्तै : आर्थिक हिसाबले सवल परिवारले बहिरा बालबालिकालाई समय बढी दिने, उपचारमा ध्यान दिने, उनीहरुलाई पढाउन, सीप सिकाउन, आत्मनिर्भर बनाउन आफै लागि पर्ने देखियो भने आर्थिक हिसाबले कमजोर परिवारले बहिरा बालबालिकालाई माया गर्ने, स्याहार - सुसार गर्ने गरेता पनि आफुले चाहे जस्तो बहिरा बालिकाका लागि कुनै काम गर्न चाहेर पनि गर्न नसकेको पाईयो । त्यसैगरी उनीहरुको बहिरा बालबालिका प्रतिको सोंचमा पनि विविधता रहेको पाईयो ।

## ७.२ बहिरा बालबालिकाहरुको अध्ययनबाट आएका मूख्य प्राप्तिहरु

बहिरा बालबालिका राम्रो सँग सुन्न र बोल्न सक्दैनन । समाजमा विद्यमान बहिरा बालबालिका कोहि जन्मदै बहिरा हुन्छन भने कोहि ठूलो भएपछि बहिरा हुन्छन । उनीहरु लेखपढ गर्न सक्छन, सीप सिक्न सक्छन र आत्मनिर्भर रहेर बाच्न सक्छन तर घरपरिवार, समाज र राष्ट्रको सहयोग र अवस्था बहिरा बालबालिकाको लागि सहयोगी हुनु पर्दछ । यस अध्ययनमा नमुना छनौटमा परेका बहिरा बालबालिकाहरुको आर्थिक, सामाजिक, पारिवारिक, धार्मीक, शेषागत अवस्थाको विवरण संकलन गर्ने क्रममा विभिन्न तथ्याङ्कहरु संकलन गरिएको थियो जासले गर्दा उनीहरुको बारेमा विवरण प्राप्त गरिुएको छ ।

यहाँको जनजिवनमा खाद्यान्नताले विशेष महत्व राखेको पाइयो जस्तैः खाद्यान्न पर्याप्त हुने परिवारले कसरी विहान बेलुका के खाने भन्ने समस्या बाट माथि उठेर सृजनात्मक कृयाकलापमा, सुखि जिवन यापनमा ध्यान दिने गरेको पाइयो साथै उनीहरुले आफ्ना बहिरा बालबालिको वर्तमान र भविश्य कसरी सहज बनाउन सकिन्छ यस विषयमा पनि ध्यान दिने गरेको पाइयो ।

अध्ययन क्षेत्रमा पशुपालनबाट बढि आम्दानी गर्ने परिवार (बाह्मण/क्षेत्री, जनजाति) ले बहिरा बालबालिका शिक्षित बन्न सक्ने विश्वासका साथ आफ्ना बालबालिकालाई स्कुल पठाउने तथा शैक्षिक वातावरण मिलाउने विचार राखेको पाइयो । त्यसै गरी पशुपालनलाई पेशाको रुपमा अपनाएका परिवारले आफ्ना बालबालिकाले पशुपालनमा पनि सहयोग गर्ने गरेको र बहिरा भए पनि गाईवस्तुको हेरचाह गर्न सक्ने एवं भविश्यमा पशुपालन पनि उनीहरुको वैकल्पिक पेशा हुन सक्ने सोच्ने गरेको पाइयो ।

जग्गा जमिन धेरै भएको परिवार जग्गा जमिन थोरै हुने परिवार दुवैले आफ्ना बहिरा बालबालिकाको बारेमा सकरात्मक सोचाइ रहेको थियो । उनीहरु पनि सामान्य मानिसले जस्तै काम गर्न सक्छन भन्ने सोचाइ राखेको पाइयो । जग्गा जमिन धेरै हुने परिवारले बहिरा बालबालिकाले सोहि जग्गामा कृषि तथा पशुपालन जस्ता कार्य गरेर आफ्नो दैनिक जिवन यापन गर्न सक्छन भन्ने सोचाइ राखेको पाइयो ।

यस प्रकारको सोच परिवारको चेतना एवं जानकारी अनुसार फरक-फरक रहेको हुन्छ जस्तैः बहिरा बालबालिकालाई शिक्षत बनाउने, व्यवसायिक तालिम दिएर आफ्नो खुट्टामा आफै उभिने, तालिम केन्द्रमा राख्ने, संघ संस्था वा सरकारले केहि गरिदिन्छ कि भन्ने ।

### ७.३ निष्कर्ष

यो अनुसन्धान प्रकार्यत्मक सिद्धान्त अर्न्तगत रहेर गरिएको छ । समाजमा प्रकार्यवादी सैद्धान्तिक दृष्टिकोणबाट कुनैपनि सामाजिक इकाइलाई बुझ्ने हो भने त्यसको सामाजिक इकाइहरु सम्पुर्ण सामाजिक संचरनासँगको सम्बन्धलाई विश्लेषण गर्नु पर्दछ ( अब्राहम) । यसै सैद्धान्तिक दृष्टिकोणलाई आधार मान्दै धौलागिरी बहिरा विद्यालयमा अध्ययनरत भकुण्डे गा.वि.स. बागलुङका बहिरा बालबालिकाहरु, उनीहरुको परिवारको आर्थिक, सामाजिक अवस्था र त्यसले विचारमा पारेको प्रभाववीचको सम्बन्धलाई केलाउने

प्रयास गरिएको छ ।

यस अनुसन्धानात्मक लेखमा देखाएको तथ्याङ्कले के देखाउँदछ भने, बहिरा बालबालिकाहरु सामाजिक इकाइ हुँदा हुँदै पनि यसलाई पारिवारिक संरचनाका अन्य इकाइहरु सामाजिक, आर्थिक, शैक्षिक आदिबाट अलग रुपमा हेर्न सकिदैन । यी विभिन्न इकाइहरु एक अर्कामा अन्तरनिर्भर र अन्तर सम्बन्धित रहेको देखिन्छ । उदाहरणको लागि : बहिरा बालबालिकहरुलाई गरिने ब्यवहार कस्तो हुने भन्ने कुरा उनीहरुको पारिवारिक अवस्थामा निर्भर रहेको हुन्छ । उनीहरुको परिवार आर्थिक हिसाबमा सवल छ भने बहिरा बालबालिकहरुको बारेमा सोच्न समय पाउँदछन् त्यसैगरी बहिरा बालबालिकाहरुको हेरचाह, उपचार, शिक्षा, भविष्य आदिको बारेमा परिवारले सकरात्का भुमिका खेलेको हुन्छ । यदि परिवारमा खानलाउनको समस्या छ भने चाहेर पनि बहिरा बालबालिकाले उचित माया, अवसर पाएका हुदैनन् । त्यसैगरी परिवारको चेतना र शिक्षाको स्तरले पनि परिवारको बहिरा बालबालिकाहरु प्रतिको सोचमा प्रभाव पारेको हुन्छ ।

अपाङ्ग एवं बहिरा बालबालिकाहरुको अवस्था हेर्दा नेपाल जस्तो विकासोन्मुख देशमा बहिरा बालबालिकाहरुको लागि उचित किसिमको शिक्षा, तालिम, रोजगार, बिशेष योजना, छुट तथा सहुलियत आदिको समुचित व्यवस्था भएको पाइएको छैन । बहिरा बालबालिकाहरुको परिवार कृषि पेशामा आश्रित, गरिबी आदि कारणले गर्दा बहिरा बालबालिकाहरु परनिर्भर हुन बाध्य भएका छन । विशेषत शिक्षाको कमि, अवसरको कमि तथा सिप सिक्ने अवसरको अभावमा बालबालिकाहरुलाई जीवन यापनमा थप कठिनाई हुदै गएको पाइन्छ । उनीहरुलाई परिवारका केही सदस्यहरुले प्रोत्साहन गरेपनि सामन्यतया हेला गर्ने, दुर्रव्यवहार गर्ने गरेको पाइन्छ । यद्यपी अध्ययनको कममा परिवारको बहिरा बालबालिकाहरु प्रतिको सोच विचारमा परिवारको आर्थिक तथा सामाजिक अवस्थाले प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभाव पारेको पाइयो ।

बहिरा बालबालिकाहरु बहिरा विद्यायमा आएपछि उनीहरुको दैनिक जीवनमा आएको कमिक परिवर्तन, व्यवहारमा आएको सुधार, सिकेका कुराहरु फलस्वरुप बहिरा बालबालिकाहरुलाई उनीहरुको अभिभावक र समाजले हेर्ने दृष्टिकोणमा आएको परिवर्तनको बारेमा अध्ययन गरिएको छ । जब बहिरा बालबालिकाहरु विद्यालयमा आएर लेखपढ गर्न थाले उनीहरुको व्यवहारमा विस्तारै परिवर्तन हुन थाल्यो । जस्तै : नरिसाउने, अरुसँग घुलमिल हुने, जिद्धी नहुने, सरसफाइमा ध्यान दिएको पाइयो ।

# परिशिष्ट १

## घरधुरी सर्वेक्षण

## उत्तरदाताको विवरण

नामः.................................. पुरुषः ☐ महिलाः ☐

जातिः................................ धर्मः .........

जिल्लाः.............................. गा.वि.स. ..................... वडा नं. ..........

| सदस्यको नाम | उत्तरदाता सँगको सम्वन्ध | लिङ्ग | उमेर | पेशा | शिक्षा | परिवार संख्या | बहिरा व्यक्तिको संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१) तपाईको परिवारका सदस्यहरु दैनिक ज्याला वा मासिक तलवमा काम गर्नुहुन्छ । विवरण प्रस्तुत गर्नुभई सहयोग गरिदिनु होला ।

| क्र.स. | नाम | लिङ्ग | आम्दानीको स्रोत | औसत मासिक आय | काम गर्ने ठाउँ |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

२) दश वर्षयता तपाइको परिवारको कोहि सदस्य वैदेशिक सोजगारीमा जानु भएको छ ?

(क) देश (ख) विदेश

३) तपाईको परिवारको स्वामित्वमा रहेको जमिन कति छ ?

| विवरण | रोपनी |
|---|---|
| खेत | |
| बारी | |

४) तपाइको आफ्नो उत्पादनको तपाईलाई कति महिना खान पुग्छ ?

.. ..........................................................................................................

पुग्दैन भने कसरी धान्नु हुन्छ ?

..............................................................................................................

५) तपाईले पाल्नु भएको पशु पंक्षीको विवरण ।

| नाम | संख्या | नाम | संख्या | नाम | संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

# परिशिष्ट. २

## अन्तर्वार्ताको प्रश्नावली विवरण

### (बहिरा बालबालिकाहरुका अभिभावकको लागि तयार पारिएको प्रश्नावली)

१) तपाईको बहिरा बालबालिकाको मुख्य समस्या के हो ?

(क) सञ्चार (ख) समाजको दृष्टिकोण (ग) सांकेतिक भाषाको ज्ञान

२) बहिरा हुनुको कारण के थियो ?

(क) वंशानुगत (ख) कुनै रोग लागेर (ग) औषधी असर

३) बहिरा भएको थाहा पाउँदा बालबालिकाको उमेर ?

.................................................................................................................. ।

४) के तपाईको परिवारको अरु कुनै सदस्य बहिरा छन्  ?

(क) छ (ख) छैन

५) बहिरा भएको बालबालिकाको उपचार गर्न पाउनु भएको छ ?

(क) पाएको छ (ख) पाएको छैन (ग) कहिलेकाँहि

यदि छ भने कसले गरेको छ ?

..................................................................................................

६) उनीहरुको संकेत कतिको बुझ्नुहुन्छ छ ? तपाइको संकेत उनीहरु कति बुझ्दछन ?

(क) राम्ररी (ख) अलिअलि (ग) कत्ति पनि

७) बालबालिकाले शैक्षिक अबसर पाएको छ ?

(क) छ (ख) छैन

यदि पाएको छ भने कस्तो प्रकारको ?

(क) औपचारिक (ख) अनौपचारिक (ग) विशेष शिक्षा

८) बहिरा भएको बालबालिकाको हेरचाह धैरै कसले गर्छ ?

(क) आमाले (ख) बुबाले (ग) दाजुभाई/दिदि बहिनीले (ङ) अन्य व्यक्तिले

९) बहिरा बालबालिकालाई हेर्नुपर्ने कारणले अरु काममा बाधा परेको छ ?

(क) छ (ख) छैन

यदि छ भने कस्तो समस्या परेको छ ?

(क) काममा जान नपाउने (ख) फुर्सद नहुने (ग) अरुको अगाडी लाज हुने (घ) अन्य

१०) बहिरा बालबालिकाले गर्दा अरु छोराछोरीलाई कतिको समय दिन सक्नु भएको छ ?

(क) सबैलाई समय दिन्छु (ख) चाहिने जती समय दिन सक्दैन (ग) अन्य

११) बहिरा बालबालिकाको कारण अरु छोराछोरीलाई समस्या छ ?

(क) पढ्न नपाउने (ख) साथीभाई माझ लाज हुने (ग) हेरविचार गर्नु पर्ने (घ) अन्य

१२) बहिरा बालबालिकाको लागि महिनाको कति जति खर्च हुन्छ ?

.................................................................................................................

१३) आर्थिक भार परेको जस्तो लाग्छ ?

(क) लाग्छ (ख) अलिअलि लाग्छ (ग) लाग्दैन

१४) आफ्नै खर्चले पुग्छ कि पुग्दैन ?

क) पुग्छ (ख) पुग्दैन

पुग्दैन भने कहाँबाट बेहोर्दै हुनुहुन्छ ?

(क) कुनै संघ-संस्था (ख) विद्यालय (ग) कुनै व्यक्ति (घ) अन्य

१५) बहिरा बालबालिकालाई सामाजिक जमघटमा लग्ने गर्नु भएको छ ?

(क) छ (ख) छैन (ग) कहिलेकाँहि

यदि लग्ने गर्नु भएको छ भने साथीभाई र आफन्तबाट कस्तो प्रतिक्रिया आउँछ ?

(क) राम्रो व्यावहार देखाउँछन (ख) जिस्काउँछन (ग) हेला गर्छन

यदि लग्ने गर्नुभएको छैन भने किन ?

.........................................................................................................

१६) उनीहरुको भविश्यको लागि कुन पक्ष जिम्मेवार हुनुपर्छ जस्तो लाग्छ ?

(क) परिवार (ख) संघ-संस्था (ग) सरकार

१७) यस धवलागिरी विद्यालयमा आएको कति समय भयो ?

..........................................................................................................................

१८) यस विद्यालयमा बालबालिकाले के कस्ता सेवा तथा तालिमहरु पाइरहेका छन ?

..........................................................................................................................

१९) उक्त सेवा तथा तालिमहरु पर्याप्त छन् कि छैनन् ?

(क) छ (ख) छैन (ग) अलिअलिमात्र

यदि छैन भने के गनु पर्ला ?

..............................................................................................

२०) यस विद्यालयबाट कतिको प्रगति भएको महसुस भएको छ ?

(क) अलिअलि (ख) छैन (ग) धेरै फाइदा भएको छ

२१) विद्यालयीय शिक्षा प्राप्त गर्न थाले पछी तपाइँको बालबालिकामा कस्तो परिवर्तन देखा परेको छ ?

(क) सकारात्मक (ख) नकारात्मक

सकरात्मक भएमा के के ?

...................................................................................................................

नकरात्मक भएका के क ?

...................................................................................................................

२३) समाजले तपाईका बालबलिकालाई हेर्ने दृष्टिकोणमा के-कस्तो परिवर्तन आएको छ ?

(क) सकारात्मक (ख) नकारात्मक

सकरात्मक भएमा के के ?

...................................................................................................................

नकारात्मक भएका के के ?

...................................................................................................................

## (धवलागिरी बहिरा विद्यालयका शिक्षक तथा व्यवस्थापकको लागि तयार पारिएको प्रश्नावली)

१) यस विद्यालयमा संलग्न भएको कति समय भयो ?

.....................................................................................................

२) बहिरा बालबालिका पहिलो पटक स्कुलमा आउदा र हाल उनीहरुको शिक्षा प्रतिको उत्सुकता कस्तो पाउनु भएको छ ?

क) पहिले भन्दा राम्रो    ख) पहिलाको जस्तै    ग) पहिलाको भन्दा कमी

३) शिक्षा एंव विद्यालयको वातावरणले गर्दा बहिरा बालबालिकाको व्यवहारमा के-कस्तो परिवर्तन आएको छ ?

क) सामुहिक कामका रुचि    ख) खुशी साथ जीवन यापन    ग) अन्य ......

४) विद्यालयीय शिक्षा प्राप्त गर्न थाले पछी बालबालिकामा कस्तो परिवर्तन देखा परेको छ ?

(क) सकारात्मक    (ख) नकारात्मक

सकारात्मक भएमा के के ?

.....................................................................................................

नकारात्मक भएका के के ?

.....................................................................................................

५) समाजले बहिरा बालबलिकालाई हेर्ने दृष्टिकोणमा के-कस्तो परिवर्तन आएको छ ?

(क) सकरात्मक    (ख) नकरात्मक

सकारात्मक भएमा के के ?

.....................................................................................................

नकारात्मक भएका के के ?

.....................................................................................................

# जिल्लाको परिचय

**जिल्लाको सीमाना**

| | |
|---|---|
| पुर्व | पर्वत |
| पश्चिम | रुकुम, रोल्पा र प्यूठान |
| उत्तर | म्याग्दी |
| दक्षिण | गुल्मी र प्यूठान |
| कुल क्षेत्रफल | १७८४ वर्ग कि.मी |
| अंक्षांश | २८°१५" उत्तरदेखि २८°३७" उत्तर अक्षाशं |
| देशान्तर | ८३°०० " पूर्वदेखि ८३°३६" पूर्व देशान्तर |

**जनसंख्या**

| | |
|---|---|
| कुल जनसंख्या | २६८९३४ |
| महिलाको जनसंख्या | १४५४०९ |
| पुरुषको जनसंख्या | १२३५२८ |
| बहिराको जनसंख्या | ३६१ |
| औसत परिवार संख्या | ५.०२ |
| जनघनत्व | १५१ जना प्रति वर्ग कि.मी |
| जनसंख्या वृद्धिदर | १.४६ (वार्षिक) |
| शहरी जनसख्या | ७.७५ प्रतिशत |
| ग्रामिण जनसख्या | ९२.२५ प्रतिशत |
| शहरी जनघनत्व | ११३६.३५ जना प्रति वर्ग कि.मी |
| ग्रामिण जनघनत्व | १४०.५१ जना प्रति वर्ग कि.मी |

**राजनीतिक तथा प्रशासनिक विभाजन**

| | |
|---|---|
| विकास क्षेत्र | पश्चिमाञ्चल |
| अञ्चल | धवलागिरी |
| जिल्ला | बागलुङ |
| सदरमुकाम | बागलुङ |
| संसदिय निर्वाचन क्षेत्र | ३ |
| गाउँ विकास समिति | ५९ |
| नगर पालिका | १ |

| | |
|---|---|
| इलाका | १३ |

**धार्मिक स्थलहरु**

प्रसिद्ध कीलका भगवती मन्दिर, बागलुङ बजार

भैरवस्थान मन्दिर, अमलाचौर

जैमिनेश्वर मन्दिर, कुश्मीशेरा

ढोरपाटन तालबराह मन्दिर, बोवाङ

**शैक्षिक अवस्था**

| | |
|---|---|
| जिल्लाको साक्षरता प्रतिशत | ५९.८२ प्रतिशत |
| महिला साक्षरता प्रतिशत | ४८.३६ प्रतिशत |
| पुरुष साक्षरता प्रतिशत | ७१.२८ प्रतिशत |
| बढी साक्षरता प्रतिशत भएको गा.वि.स. | सिगाना (७३.४२ प्रतिशत) |
| कम साक्षरता प्रतिशत भएको गा.विस. | राजकुल (२१.५३ प्रतिशत) |

**जातिगत बनौट**

| | |
|---|---|
| ब्राम्हण | २२.४१ प्रतिशत |
| क्षेत्री | १९.६१ प्रतिशत |
| मगर | २७.४६ प्रतिशत |
| नेवार | १.२० प्रतिशत |
| गुरुङ्ग | ०.७२ प्रतिशत |
| थकाली | ०.३३ प्रतिशत |
| कामी | १२.९४ प्रतिशत |
| सार्की | ४.३६ प्रतिशत |
| दमाई | ३.९८ प्रतिशत |
| अन्य | ६.९९ प्रतिशत |

**जिल्लाको प्रसिद्ध वस्तुहरु एवं प्राप्त हुने स्थानहरु**

| | |
|---|---|
| नेपाली हाते कागज | ताराखोला तमान, बुंगादोभान |
| बुद्रेनली | सदरमुकाम, जलजला, अमरभूमी, |
| राडीपाखी | पाण्डवखानी, बुंगादोभान, निसी र |
| रणसिंहकिटेनी | |
| स्लेट ढुङ्गा | तारा, अर्मल, अमरभूमी, नरेठाँटी, हरिचौर, जैदी, रेश, नीसि, मल्म |

| | |
|---|---|
| कार्भिङ ढुङ्गा | कुश्मीशेरा, अमलाचौर |

**<u>प्रमुख पर्यटकिय स्थलहरु</u>**


| | |
|---|---|
| कालिका भगवती मन्दिर | बा.न.पा. |
| ढोरपाटन | ३६ कोष उत्तर पश्चिम, बोवाङ गा.वि.स. |
| गाजा दह(धुरी) | ७ कोष पश्चिम, दमेक गा.वि.स. |
| संसारकोट | ४ कोष उत्तर पश्चिम, बा.न.पा. |
| भकुण्डे धुरी | १३ कोष पश्चिम, भकुण्डे गा.वि.स. |

घुम्टेको लेक १० कोष पश्चिम (हरिचौर, पाण्डवखानी र सिसाखानी गा.वि.स.)

भैरवस्थान ५ कोष पश्चिम, विहुँ गा.वि.स.

घोडाबाँधे ६ कोष पश्चिम, बोवाङ गा.वि.स.

जैमिनेश्वर क्षेत्र ९ कोष दक्षिण, कुश्मीशेरा, विनामारे गा.वि.स.




स्रोत : बागलुङ जिल्लाको संक्षिंप्त जानकारी - २०६४, जिल्ला समितिको कार्यलय बागलुङ

# सन्दर्भ सूची (Bibliography)

## नेपाली


उपाध्याय, इन्द्रप्रसाद, २०६६, *वार्षिक प्रतिवेदन (तथ्याङ्क संकलनकर्ता),* काठमाडौंः राष्ट्रिय अपाङ्ग महासंघ, भृकुटी मण्डप काठमाडौं ।

धिमिरे, विकास, २०६७, *इशारा NFDH बुलेटिन, वर्ष १ अंक २, २०६७ पुस,* नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघ (NFDH) धोविधारा, काठमाडौं नेपाल ।

जिल्ला परिचय, बागलुङ, बागलुङ जिल्ला विकास समितिको कार्यालय बागलुङ ।

नेपाल सरकार, २०३९, *अपाङ्ग संरक्षण तथा कल्याण ऐन, काठमाडौं,* नेपाल सरकार तथा राष्ट्रिय अपाङ्ग महासंघ भृकुटी मण्डप नेपाल ।

नेपाल सरकार, २०५३, *विशेष शिक्षा निति,* काठमाडौंः नेपाल सरकार ।

पन्थी, मीनराज, २०६७, *इशारा NFDH बुलेटिन, वर्ष १ अंक २, २०६७ पुस,* नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघ (NFDH) धोविधारा, काठमाडौं नेपाल ।

बागलुङ दर्पण, *वर्ष ३, अंक २, २०६४,* बागलुङ विद्यार्थी परिवार, काठमाडौं ।

विष्ट, डोर बहादुर, २०५५ *"सबैजातको फुलबारी",* साझा प्रकाशन, काठमाडौं

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल,, २०५६, २०६३, *"अपाङ्गताको परिभाष तथा अपाङ्गपनको निर्धारण"*, राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल भृकुटीमण्डप काठमाडौं ।

राष्ट्रिय अपाङ्ग महासंघ २०६३, *अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययौजना,* काठमाडौंः राष्ट्रिय अपाङ्ग महासंघ नेपाल ।

सांकृत्यायन, राहुल, २०५७, *"मानव समाज",* अनु. युवराज पन्धी, निरन्तर प्रकाशन, काठमाडौं नेपाल ।

सुस्तमनःस्थिति कल्याण संस्था, २०६०, *सुस्तमनःस्थिति एक परिचय,* सुस्तमनःस्थिति कल्याण संस्था, सिनामंगल काठमाडौं ।

संयूक्त राष्ट्रसंघ, १९७१, *बौद्धिक अपाङ्ग व्यक्तिका अधिकार सम्बन्धी घोषण पत्र* काठमाडौं युनिसेफ नेपाल

पोखरा टुडे, २३ जेष्ठ *२०६८,* (*http://www.pokharatoday.com/nationalnews/222-smaj/3311-2011-06-06-10-02-53*)

शर्मा एण्ड शर्मा, २०६६, *कक्षाकोठामा मनोविज्ञान,* एम.एड. प्रथम वर्ष, विद्यार्थी पुस्तक भण्डार काठमाडौं ।

## English

Abraham, M.F., 1982, *Modern Sociologycal Theorey: An Introduction,* Oxford University Press Calcatta

Handicap International Nepal 2004, *Disable People's International Asia Pacific Regional Council Kathmandu Declaration 2004*, Maharanjung Kathmandu, Nepal.

Durkhim, E.,1988, *Rules for the Expanation of Social Facts and Elementary Forms of the Religious Life* in P.Bohannan and M. Glazer (eds) Highpoints in Anthropology. KNOPF, New York

Malinowski, B., 1988, *The Group and the Individual In Functional Analysis* in P.Bohannan and M. Glazer (eds) Highpoints in Anthropology. KNOPF, New York *pp.*274-275

Planning for the Disable BASELINE SURVEY REPORT Baglung Distict-2010, District Development Committee, Baglung In Partnership With: Baglung, Municipality, Bagling, Women and Children Office, Gaja Youth Club and Plan Nepal

Ritzer, 2000, *Sociological Theory*, Mc Grow-Hill International Edition, New York.

Radcliff, Brown. A.R., 1952, *Istructure And Function In Primitive Society,* MSC-Millan Publising CO. Inc New York.

World Health Orgaization, 2006 *International classification of Health and Disability* (IFC) World Health Organization.2